## विशेष इजलास

**१**

**सं.प्र.न्या.श्री अनूपराज शर्मा, मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** रिट नं. ०६५-WS-००१७, उत्प्रेषण समेत, *माधवकुमार बस्नेत समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

अदालतहरूबाट भैरहेको सेबा प्रवाहको समग्र मूल्याङ्कन नगरी कोरा सैद्धान्तिक आधारमा मात्रै सर्वोच्च अदालतसम्म नागरिकको पहुँच सहज नभएको भन्ने आधार लिई सर्वोच्च अदालतको इजलास विस्तार गर्ने भन्ने निर्णय अन्य निकायबाट लिइनु यथार्थमा व्यावहारिक नहुने ।

सर्वोच्च अदालतमा मुद्दाहरूको चाप रहेको र ढिलो न्याय सम्पादन हुने गरेको भन्ने सतही आधारमा न्यायपालिकाको नेतृत्व गर्ने प्रधान न्यायाधीशबाहेकको अन्य कुनै निकाय वा पदाधिकारीले सर्वोच्च अदालतको इजलास काठमाडौंमा भन्दा बाहेक अन्य स्थानमा पनि कायम गर्ने सम्बन्धमा निर्णय गर्नु वा त्यसको चासो राखी प्रक्रिया आरम्भ गर्नु कानूनसम्मत नदेखिने ।

विबादको गम्भीरतालाई हेरी धेरैजसो विबादहरू तल्लो तहका अदालतहरूबाटै अन्तिम किनारा गर्न सकिने गरी कानूनी व्यवस्था भएको खण्डमा नै न्यायसम्पादनको कार्यलाई सरल, छिटो छरितो र पहुँचयोग्य बनाउन मद्दत पुग्दछ । यस वास्तबिकतालाई नजरअन्दाज गरी सर्वोच्च अदालतको इजलास विस्तार गर्नु मात्र समस्याको समाधान हो भन्ने धारणा बनाउनु व्यावहारिक हुदैन । यी सबै पक्षहरूको गम्भीर  बिश्लेषण गरी सर्वोच्च अदालतको इजलास काठमाडौंबाहेकको अन्य स्थानमा पनि राख्नुपर्ने आवस्यकता र औचित्य छ, छैन भन्ने कुरा स्वयं प्रधान न्यायाधीशबाटै निर्क्योल गरिने विषय हो । तसर्थ यस विषयमा प्रधान न्यायाधीशले मात्रै बिचार बिमर्श, छलफल गरी एउटा निश्चित धारणा बनाउन सक्ने ।

कानूनको शासनको पक्षमा प्रतिबद्धता व्यक्त गर्ने कसैले पनि कानूनले निश्चित गरेको प्रक्रियाभन्दा बाहिरबाट न्यायपालिकालाई असर गर्ने कुनै किसिमको निर्णय लिने र त्यस्तो निर्णयबाट अरुलाई बाँध्ने सोच राख्न पनि नहुने ।

विवादको विषय बनाइएको आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्य सँगसँगै चालू आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यको तुलनात्मक अध्ययन गरिनु आवश्यक हुन्छ । चालू आर्थिक वर्षको बजेट वक्तव्यमा कहीँ पनि सर्वोच्च अदालतको इजलास अन्यत्र स्थापना गर्ने कुरा गरिएको देखिँदैन । त्यसरी पछिल्लो बजेट वक्तव्यले अघिल्लो बजेट वक्तव्यको बुँदा नं. २५० को अस्तित्व अहिले पनि यथावत् रहेको छ भनी मान्न नमिल्ने ।

आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यको बुँदा नं. २५० आफैंमा न्यायिक स्वतन्त्रताको मूल्य मान्यताप्रतिकूल देखिएको भएतापनि उक्त बजेट वक्तव्यले समेटेको समयावधि हाल व्यतीत भै पछिल्लो आर्थिक वर्ष २०६६/६७ को बजेटमा त्यसले निरन्तरता पाएको नदेखिएको र हाल उक्त बजेट व्यवस्था क्रियाशील हुने अवस्था नरहेकोले विद्यमान कानूनको प्रक्रियाभन्दा बाहिर गएर अन्यत्र इजलास स्थापना गर्ने स्थिति र सम्भावना समेत नदेखिएको सन्दर्भमा हाल अस्तित्वमा नै नरहेको आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यको बुँदा नं २५० मा गरिएको व्यवस्था वदर गर्नुको औचित्य नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत उमेश कोइराला

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम् ।

**२**

**सं.प्र.न्या.श्री अनूपराज शर्मा, मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** रिट नं. ०६५-WO-०४७६, उत्प्रेषण समेत, *माधवकुमार बस्नेत समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल सरकार, कानून,न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालयको मिति २०६५।७।२९ को पत्रबाट अदालतको अधिकारक्षेत्र पुनरावलोकन गर्नको लागि तयार गरिएको अवधारणापत्र संलग्न गरी सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूको संयोजकत्वमा एक कार्यदल गठन गर्नका लागि तयार गरिएको अवधारणपत्र संलग्न गरी सर्वोच्च अदालतको सहमतिको लागि अनुरोध गरिएको देखिन्छ । त्यसरी अनुरोध भै आएअनुसार तत्कालीन सम्माननीय प्रधान न्यायाधीशबाट मिति २०६५।८।३ मा न्याय परिषद्‌बाट पछि सहमति लिने गरी सहमति दिएको देखिन्छ । त्यसरी तत्कालीन प्रधान न्यायाधीशले सहमति दिँदा न्याय परिषद्‌बाट सहमति लिने भन्ने समेतको व्यहोरा परेबाट प्रधान न्यायाधीशको एक्लो निर्णयबाट सहमति दिइएको भन्ने देखिदैन । न्याय परिषद्‌को संरचना र त्यसको कार्यक्षेत्रलाई हेर्दा संविधानको धारा ११३ ले प्रधान न्यायाधीश न्याय परिषद्‌को अध्यक्ष रहने र परिषद्‌ले संविधानबमोजिम न्यायाधीशहरूको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारवाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य कुराहरूको सिफारिश गर्ने वा परामर्श दिने समेतको अधिकारक्षेत्र ग्रहण गर्ने देखिन्छ । अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको गठनका सन्दर्भमा प्रधान न्यायाधीशले न्याय प्रशासनसम्बन्धी अन्य कुराहरूको सिफारिश गर्ने वा पुनरावलोकन कार्यदलको गठनका सन्दर्भमा प्रधान न्यायाधीशले न्याय परिषद्‌को अध्यक्षको हैसियतले न्याय परिषद्‌बाट सहमति लिने गरी निर्णय गरेको देखिँदा कार्यदल गठनमा प्रक्रियागत त्रुटि रहेको नदेखिने ।

कानून वा न्यायसम्बन्धी समसामयिक विषयहरूमा अध्ययन अनुसन्धान गर्दा विद्यमान समस्याहरूको पहिचान गर्न र सामाजिक विषयहरूमा अध्ययन अनुसन्धान गर्दा विद्यमान समस्याहरूको पहिचान गर्न र सामाजिक वा राष्ट्रिय आवश्यकता पहिल्याउन मद्दत पुग्ने हुन्छ । त्यस्तो नीतिगत तथा अवधारणागत विषयहरू कार्यपालिकाको अधीनका विषय हुने हुँदा त्यस प्रक्रियालाई अन्यथा मानी न्यायपालिकाले हस्तक्षेप गर्न उचित हुँदैन । जहाँसम्म अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको सन्दर्भ छ,सो कार्यदलको गठनमा प्रधान न्यायाधीशले न्याय परिषद्‌बाट सहमति लिने गरी सहमति दिई कार्यदल गठन भएको देखिएको, कार्यदलले कार्य सम्पन्न गरी प्रतिवेदन समेत पेश गरिसकेको कारणबाट कार्यदल विघटन भै अस्तित्वमा नै नरहेको अवस्थामा न्याय परिषद्‌बाट सहमति लिइयो वा लिइएन भन्ने प्रश्न समेत सान्दर्भिक रहन आएको देखिँदैन । साथै सो कार्यदल गठका लागि नेपाल सरकारले नै न्यायाधीश किटान गरी सहमति माग गरेको नभै न्यायिक नेतृत्वबाट आवश्यक प्रक्रियाको अवलम्बन गरी न्यायाधीश खटाइएको देखिएबाट पनि त्यसलाई अन्यथा भन्न मिल्ने अवस्था देखिँदैन । तसर्थ कार्यदल गठनमा संविधानले निश्चित गरेको प्रक्रिया अवलम्बन गरिएको र आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यको बुँदा नं. २५० ले गरेको बजेट व्यवस्थाको कार्यान्वयनका लागि मात्र कार्यदल गठन गरिएको भन्ने कुनै आधार नदेखिएको र कार्यदलले आफ्नो प्रतिवेदन पेश गरी हाल कार्यदल अस्तित्वमा समेत नरहेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुको औचित्य नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत उमेश कोइराला

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री तपबहादुर मगर र मा.न्या श्री अवधेशकुमार यादव,** रिट वि.इ.नं. २०६५ WS ००२९, उत्प्रेषण परमादेश, *मनिर आलम अंसारी वि. स्वास्थ्य सेवा विभाग समेत*

नेपाल स्वस्थ्य सेवा ऐन, २०५३ मा मिति २०६३।८।२२ मा गरिएको तेस्रो संशोधनबाट दफा ९ मा थप गरिएको उपदफा (७क) को खण्ड(ज) र (झ) बमोजिम सोही उपदफा (७घ) अनुसार जुन तहबाट स्तरवृद्धि भएको हो सोही काम गर्ने गरी निवेदकलाई अधिकृत छैठौं तहमा स्तरवृद्धि गरिएको

देखिए पनि शैक्षिक योग्यता समेतको अभावमा निवेदकले अधिकृत छैठौं तहको, "खोप सुपरभाइजर अधिकृत"पदनाम प्राप्त गर्नसक्ने देखिदैन । स्तरवृद्धि बढुवा जस्तो रिक्त स्थान पूर्ति गर्ने प्रक्रिया होइन । त्यसैले यस प्रक्रियाबाट माथिल्लो पदनाम प्राप्त हुनेभन्दा पनि जुन पदमा कार्यरत रहेको त्यसैमा स्तरीकरण हुँदै निश्चित कार्य अनुभवका आधारमा तहवृद्धि सम्म गरिने हो । स्वास्थ्य सेवाको पदपूर्ति सो ऐनको दफा ८(१) मा गरिएको प्रतिशत निर्धारणको प्रक्रियाबाट मात्र हुनसक्ने देखिएको र त्यसमा स्तरवृद्धिबाट पदपूर्ति हुने कुनै व्यवस्था रहेको नदेखिनुका साथै त्यसको लागि प्रतिशत समेत निर्धारण भएको देखिन नआएबाट स्तरवृद्धि हुनासाथ स्वतः माथिल्लो पदनाम पाउनु पर्ने भन्ने निवेदन दावी आधारहीन देखिदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**१**

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ NF ००६०, अपुताली हक कायम नामसारी दा.खा. दर्ता, *अमीरचन्द राजवंशी समेत वि. आनन्द राजवंशी समेत*

प्रतिवादीहरू अपुताली पर्ने सरदारको श्रीमती भादो राजवंशीको वादीहरू भन्दा नजिकको अपुताली पाउने हकदार नदेखिनुका अतिरिक्त यी वादी र प्रतिवादीहरू समान पुस्ताका हकदार समेत नदेखिएको तथा मुलुकी ऐन अपुतालीको महलको १ नं. तथा तत्कालीन १२ नं. को कानूनी व्यवस्थाअनुसार समेत विमातृकपट्टिका प्रतिवादीले मर्ने भादोको आधा अपुताली पाउने अवस्था देखिएन । जेठी श्रीमतीतर्फका छोरा नेठूको जीवनकालमै समाप्त भैसकेको अपुताली हक निज पछिका निजका छोरा, बुहारी तथा नातिहरूले वादीसरह पाउने भनी वादी प्रतिवादीहरूलाई समान पुस्ताका हकवाला भन्ने देखाई पुस्तावारीको गलत उल्लेख गरी समान अंशियारले समान रूपमा अंशबण्डासरह पाउने अंश हक जस्तो गरी वादीको घर जग्गामा वादीको एक भागमा सम्म अपुताली कायम गर्ने गरेको फैसलामा मुलुकी ऐन, अपुतालीको तत्कालीन १२ नं.को प्रत्यक्ष कानूनी त्रुटि देखिदा फिराद दावीबमोजिम मर्ने भादो राजवंशीको अपुताली हक वादीहरूले पाउने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६६ साल फागुन २७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

**१**

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या श्री ताहिर अली अन्सारी,** २०६२ सालको विविध नं. १२२, अदालतको अपहेलना, *कृष्णगोपाल श्रेष्ठ वि. कान्तिपुर एफ.एम. प्रा.लि.समेत*

यसै अदालतबाट भएको आदेशका सम्बन्धमा निवेदक आफै अनभिज्ञ रहेको कारणबाट प्रस्तुत निवेदन दायर गरिएको भन्ने कुरा निवेदन व्यहोराबाटै स्पष्ट हुन्छ । यस अदालतबाट भएको आदेशलाई सम्बन्धित संस्थाले सम्मान गरेको भन्ने तथ्य व्यवहारबाटै पुष्टि भएको र अदालतबाट पछिल्लो मितिमा भएको आदेशलाई आधार बनाएर कार्यक्रम प्रसारण प्रारम्भ गरिएको कुराले अदालतको अपहेलना भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या श्री ताहिर अली अन्सारी,** २०६२ सालको विविध नं. ११९, अदालतको अपहेलना, *खड्गबहादुर शाह वि. हेमराज ज्ञवाली समेत*

निवेदकको कुनै पनि स्वार्थ नगाँसिएको, न्यायपालिकाको स्वतन्त्रता र सम्मान जोगाउने उद्देश्यकासाथ निवेदन पेश गरिनु स्वयंमा प्रसंशायोग्य कार्य हो । यस्ता विषय निवेदकको हकहितसँग सम्बन्धित नभई अदालतको प्रतिष्ठा, मर्यादा र अदालतप्रतिको जनआस्थासँग सम्बन्धित विषय भएकाले अदालतको अपहेलना भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार अदालतलाई मात्र हुन्छ । सो सम्बन्धमा दायर हुने कुनै पनि निवेदनले अदालतको अपहेलना हुने प्रकृतिका कार्य कहिँ कतैबाट भएको भए त्यस बारेमा अदालतलाई आधार बनाएर अदालतको अपहेलना भएको भन्ने निष्कर्षमा पुग्न भने सकिँदैन । निवेदनका माध्यमबाट इङ्गित गरिएको विषयमा आवश्यक कुराहरू बुझी निष्कर्षमा पुगिने हुन्छ । त्यस क्रममा विवादित अभिव्यक्तिको अन्तर्वस्तु, त्यसको सन्दर्भ अभिव्यक्ति दिने पक्षको आशय र उद्देश्यसमेतका विषयको मूल्याङ्कन गरिन्छ । प्रस्तुत निवेदनका सन्दर्भमा हेर्दा लेख प्रकाशन हुँदाको सन्दर्भ, त्यसमा उल्लेख गरिएका विषयवस्तुहरू र लेखमा समावेश गरिएको तस्वीर समेतलाई हृदयंगम गर्दा त्यसबाट अदालतको अपहेलना भएको मान्न सकिने अवस्था नदेखिने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम् ।

३

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या श्री कृष्णप्रसाद उपाध्याय,** फौ.पु.न. ०६४ CR ०००७, राजश्व चुहावट, *नेपाल सरकार वि. तरूणकुमार गुप्ता समेत*

प्रत्यर्थी/प्रतिवादीहरूबाट डाबर नेपाल लिमिटेडबाट बनेको भन्ने छाप लागेको जारभित्र डाबर इण्डिया लिमिटेड उल्लेख गरिएको हजमोला क्याण्डी बरामद भएको भन्ने तथ्यमा विवाद रहेको देखिँदैन । दुबै कम्पनीको लेमुनेट एकै स्थानमा छापिने र कर्मचारीको गल्तीका कारण त्यस्तो छाप लाग्न गएको हो भन्ने प्रतिवादीहरूको वयान रहेको देखिए पनि बरामद भई आएको हाजमोला क्याण्डीमा उल्लेख भैरहेको व्यहोराबाट भारतमा बनेको हाजमोला क्याण्डीलाई नेपालमा बनेको भन्ने प्लाष्टिक जारभित्र राखी राजश्व चुहावट गरेको तथ्य प्रमाणित हुने । राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनका दफा ८ बमोजिम ३० दिन भित्र अनुसन्धान तहकीकात सम्पन्न नभएको भन्ने आधारमा अभियोगपत्र खारेज गर्ने गरेको यस अदालतको संयुक्त इजलासबाट भएको रूलिङसँग सहमत हुन नसकिएको हुँदा प्रस्तुत मुद्दाको संयुक्त इजलासको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पूर्ण इजलाससमक्ष पेश गर्नू ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ०६३ CI–०५११, लेनदेन, *गयाप्रसाद चौरसिया वि. रामलाल दास तत्मा*

वादीले आफूले प्रतिवादीलाई हालैको बकसपत्र पारित गरी दिएको जग्गाबापतको बाँकी रूपैयाँ सम्बन्धमा प्रतिवादीबाट टिपोट गराई लिएको उल्लिखित रकम पछि वादी आफैंले सो जग्गा प्रतिवादीबाट राजीनामा पारित गराई लिँदा मिलान भइसकेपछि पुनः सोही जग्गा लेनदेन गरेवापत खडा भएको टिपोटका आधारमा प्रतिवादीबाट वादीलाई भराई दिन न्यायसँगत नहुने ।

इजलास अधिकृत : विदुर कोइराला

इति संवत् २०६६ साल फागुन २० गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या श्री सुशीला कार्की,** २०६१ सालको फौ.पु..न. ३४८२, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *सञ्जीवकुमार डोटेल वि. नेपाल सरकार*

कुनै पनि राष्ट्र सेवकले अनधिकृत तवरले झूट्टा शैक्षिक योग्यताको प्रमाणपत्र तयार गरी गराई

त्यस्तो प्रमाणपत्रलाई सही सद्दे हो भन्ने भ्रम पारी आफू कार्यरत् कार्यालयमा पेश गरी भविष्यमा बढुवालगायतको अनुचित फाइदा लिने उद्देश्य लिनु मात्रै पनि भ्रष्टाचार निवारण ऐन, २०१७ को प्रयोजनको कसूर कायम गर्न पर्याप्त हुने देखिन्छ । कुनै राष्ट्रसेवक कर्मचारीले कुनै कार्य गर्दा अनुचित फाइदा लिने उद्देश्यले वद्नियतपूर्वक काम गर्नु र त्यस्तो वद्नियतपूर्ण कार्यबाट कुनै अनुचित वा गैर कानूनी फाइदा समेत प्राप्त गर्नु दुई भिन्न अवस्था हुन् । भ्रष्टाचारको कसूर कायम हुन वद्नियतपूर्वक कुनै कार्य गर्नु नै पर्याप्त हुने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.न. ८७८६, व्याज भराई चलन चलाई पाऊँ, *शोभा खड्का वि. इन्द्रबहादुर खत्री*

दाबीको लिखत कपाली तमसुकमा रूपान्तरित भैनसकेको अवस्थामा सो लिखतकै आधारमा लेनदेन व्यवहारको २ नं. र ६ नं. अनुसार व्याज दिलाई भराई पाउनु पर्छ भनी दावी गर्नु कानूनसम्मत एवं तर्कसंगत हुने देखिँदैन । दृष्टिबन्धक लिखतका सम्बन्धमा सोही महलको २ नं. को अन्तिम वाक्यमा उल्लिखित, "भोग वा दृष्टिबन्धकको हकमा यसै महलको ३ नं. बमोजिम हुन्छ" भन्ने आधारबाट समेत दृष्टिबन्धक लिखतको हकमा प्रथमतः सामान्य रूपमा लेनदेन व्यवहारको ३ नं. मा नै सीमित रही हेर्नुपर्ने ।

दृष्टिवन्धक लिखतमा उल्लिखित अचल सम्पत्तिमा भाखाभित्र साहूको कुनै पनि अधिकार उत्पन्न हुने अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ लिखतमा उल्लिखित जग्गामा चलन लिने वा नलिने भन्ने पनि साहूकै स्वविवेकीय अधिकार रहे भएको हुँदा दावीको लिखतमा लिखत भएको मितिदेखि निरन्तर रूपमा साहूको ब्याज लिन पाउने तथा सम्पत्ति चलन चलाई लिन पाउने अधिकार सिर्जना हुन्छ भनी व्याख्या गर्नु कानूनसम्मत हुने देखिँदैन । साहूलाई केवल भाखा नाघेपछि लिखतअनुरूप चलन गर्ने वा नगर्ने वा दृष्टिबन्धक लिखतलाई कपालीमा परिणत हुन दिने भन्ने विकल्पहरूको छनौटसम्म गर्ने अधिकार प्राप्त हुनजाने ।

दावीको लिखतबाट लेनदेन व्यवहारको ३ नं बमोजिम एकै समयमा व्याज तथा चलनमा दावी गर्न मिल्ने अवस्था नदेखिँदा व्याज भराई पाऊँ भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल मंसिर ५ गते रोज ६ शुभम्

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६६ सालको फौ.सा.नं ०१०६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खडानन्द रेग्मी*

प्रतिवादीको अधिकार प्राप्त अधिकारी एवं अदालतसमक्षको साविती बयान, निजको साविती घटना वारदातका प्रत्यक्षदर्शीको भनाइबाट पुष्टि भएको अवस्था, अनुसन्धानको क्रममा खडा गरिएका घटनास्थल तथा लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन एवं जाहेरी दरखास्तलगायतका मिसिल संलग्न कागजातबाट प्रतिवादी खडानन्द रेग्मीले मृतक श्यामलाल भन्ने विष्णुकान्त भण्डारीलाई धारिलो हतियार खुकुरी प्रहार गर्दै कर्तव्य गरी मारेकाले प्रतिवादीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको फैसला मिलेको देखिँदा प्रस्तुत साधक सदर हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल मंसिर ५ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ००६०, उत्प्रेषण, *निर्मलराज शर्मा वि.नेपाल सरकार समेत*

निवेदकको इजाजतपत्र खारेज गर्दा निवेदकलाई आफ्नो सफाइको लागि स्पष्टीकरण पेश गर्न मौका प्रदान गरी निवेदकले स्पष्टीकरण समेत दिएको देखिन्छ । निवेदकले आफ्नो स्पष्टीकरणमा यो यति नम्बरको ट्रक कम्पनीको आफ्नै स्वामित्वमा रहेको भनी उल्लेख गर्न नसकी ताराबहादुर कुँवरसँग रहेको ट्रक कम्पनीको सञ्चालनको लागि भनी पेश गरिएको भन्ने ब्यहोरा उल्लेख गरेबाट निवेदक कम्पनीको नाउँमा ट्रक नभएको तथ्य स्वयं निवेदकले आफ्नो स्पष्टीकरणमा स्वीकार गरेको देखिन्छ । यसरी इजाजतपत्र प्राप्त गर्नका लागि आवश्यक पर्ने उपकरण नभएको अवस्थामा झूठ्ठा विवरण पेश गरी इजाजत पत्र लिएको कम्पनीको इजाजत पत्र खारेज गर्ने कार्यलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६४ सालको दे.पु.नं. ११५३, हक कायम, *प्रदीपकुमार दुगड वि. संजय दुगड*

हालैको बकसपत्र प्राप्त गरी आ-आफ्नो हिस्सा भोग चलन गरी पक्की पर्खाल समेत लगाई सीमाना छुट्टाइसकेपछि २०५६ सालमा आएर पर्खाल भत्काउनेतर्फ दाबी नगरी केवल नक्सा संशोधन गरिपाऊँ भन्ने दावी कानूनसम्मत नदेखिँदा २०४८ सालबाट कित्ताकाट गरी भोग चलन बसोबास गरी आएको जग्गाका विषयमा २०५६ सालमा आएर नक्सा संशोधनको लागि भनी दिएको निवेदनबाट कारवाही उठेको विवादबाट हक कायम हुन नसक्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना

यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप फैसला भएका छन्:

- २०६४ सालको दे.पु.नं. ११५४ निषेधाज्ञा, *प्रदीपकुमार दुगड वि. संजय दुगड*
- २०६४ सालको दे.पु.नं. ११५५ निषेधाज्ञा, *प्रदीपकुमार दुगड वि. संजय दुगड समेत*

इति संवत् २०६६ चैत २२ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय**, २०६२ सालको दे.पु.नं. ८३५७, जग्गा खिचोला सार्वजनिक कायम, *नरबहादुर दर्जी वि. डोलबहादुर कार्की समेत*

खिचोला ठहऱ्याउँदा मालपोत कार्यालयमा विचाराधीन रहेको मुद्दामा प्रत्यक्ष प्रभाव पर्ने तथा उक्त मुद्दा निष्प्रभावी हुने हुँदा स्वतः खारेज गर्नुपर्नेमा खिचोला ठहऱ्याएको निर्णय प्रत्यक्ष त्रुटिपूर्ण देखिँदा बदर हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल चैत २२ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.नं. ९५९२, फैसला वदर, *सुनीलबहादुर श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*

वादी दावीको सम्पूर्ण जग्गाहरूमा वादीमध्ये सुवर्ण श्रेष्ठको हक कायम हने गरी मिलापत्र भैसकेको अवस्थामा प्रस्तुत मुद्दामा रहेको विवादको विषय नै समाप्त भैसकेको देखिँदा खारेज हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल मंसिर २९ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको दे.पु.न..९५८५, नामसारी दर्ता बदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*

मर्ने व्यक्तिलाई कसैले पालन पोषण गरेको स्पष्ट नभएको अवस्थामा मुलुकी ऐन अपुतालीको २ नं. स्वतः आकर्षित हुने तर अपुतालीको २ नं. मा मर्नेको अपुताली बिबाहिता दिदी बहिनीले पनि पाउने भन्ने स्पष्ट कानूनी व्यवस्था समेत रहेको नपाइएको सन्दर्भबाट अपुतालीको महलको १ नं. बमोजिमका हकवालाहरूले पाउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल मंसिर २९ गते रोज २ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप फैसला भएका छन्:

- २०६० सालको दे.पु.न..९५८६, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९५८७, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९५८८, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९५८९, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९५९०, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९५९१, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९५९३, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९५९४, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९५९६, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. चन्द्रभक्त खनाबसु समेत*
- २०६० सालको दे.पु.न..९५९७, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि.. चन्द्रभक्त खनाबसु समेत*
- २०६० सालको दे.पु.न..९५९८, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. . चन्द्रभक्त खनाबसु समेत*
- २०६० सालको दे.पु.न..९५९९, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. . चन्द्रभक्त खनाबसु समेत*
- २०६० सालको दे.पु.न..९६००, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. . चन्द्रभक्त खनाबसु समेत*
- २०६० सालको दे.पु.न..९६०१, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. . चन्द्रभक्त खनाबसु समेत*
- २०६० सालको दे.पु.न..९६०२, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. . चन्द्रभक्त खनाबसु समेत*
- २०६० सालको दे.पु.न..९६०३, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. . चन्द्रभक्त खनाबसु समेत*
- २०६० सालको दे.पु.न..९६०४, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*
- २०६० सालको दे.पु.न..९६०५, लिखत दर्ता वदर, *सुवर्ण श्रेष्ठ समेत वि. धनबहादुर मलेपति समेत*

८

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालकोदे.पु.नं.९२३८, करार भंग बिगो भराई पाऊँ, *प्रदीप शम्शेर ज. ब.रा. वि. क्रसकन्ट्री (नेपाल) होटल प्रा.लि.*

वादी प्रतिवादीबीच सम्पन्न दावीको २१ जुलाई, १९९५ को करारको दफा ८ ले दिएको सुरक्षणवापत राखेको धितो रकम जफत हुने स्पष्ट व्यवस्था गरेको नदेखिएको तथा होटल काठमाडौंको सन् २९।४।१९९७ को पत्रबाट नै दावीको करार भङ्ग हुन पुगेको अवस्था भएको तथा सो पत्रमा प्रतिवादीले वादी क्रसकन्ट्री (नेपाल) होटल प्रा.लि. उपर निजले व्यहोर्नु पर्ने कुनै दायित्व देखाएको समेतको अवस्था नभएको आधार एवं कारणबाट वादी दावीअनुरूपको सञ्चालन दस्तूरवापत बुझाएको रकमका सम्बन्धमा वादीले प्रतिवादीलाई सुरक्षण भुक्तानीवापत भुक्तानी गरेको तीनलाख अमेरिकी डलरको हुने नेपाली रूपैया १,७०,२५,०००।- भरिपाउने र सो रकममा व्याज भने नपाउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : वेदना अधिकारी
इति संवत् २०६६ साल मंसिर १६ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६३ सालको दे.पु.नं. ०५३१, करार भङ्ग क्षतिपूर्ति, यिनै वादी प्रतिवादीको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ८५०८, घर भत्काई खिचोला मेटाई पाऊँ, *सुनील शाक्य समेत वि. केदारमाया श्रेष्ठ*

सर्भे नापीको नक्साले कायम गरेको सीमानाको आधारमा नै जग्गाको अवस्थिति निर्धारण हुने हुदा जग्गामा रहे भएको घर समेत कसको जग्गामा पर्ने भनी निर्क्योल गर्दा पनि सोही सर्भे नक्साले कायम गरेको सीमानाअनुरूप गर्नुपर्ने हुँदा वादीको नाउँमा रहेको कि.नं. ६४९ को घर जग्गा न.नं. ८ र ९ मा र प्रतिवादीको नाउँमा रहेको कि.नं. ६४८ को घर जग्गा न.नं. ३, ४ र ५ मा सर्भेको नक्साबमोजिम कायम भएको देखिएको र सो कुरामा विवाद नभएको अवस्थामा वादीको नं.नं. ८ र ९ को घरको माथिल्लो तला चाहिँ प्रतिवादीको हुन्छ भन्न नमिल्ने भै विवादित घर वादीको हक भोगको रहेको पुष्टि हुने ।

इजलास अधिकृत : कृष्ण मुरारी शिवाकोटी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल बैशाख १३ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको दे.पु.नं. ८५०९, लिखत वदर, *सुवीन शाक्य वि. केदारमाया श्रेष्ठको* मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको फौ.पु.नं. ३६४४, नक्कली प्रमाण पत्र पेश गरी भ्रष्टाचार गरेको, *रेवतीरमण नेपाल वि. नेपाल सरकार*

शिक्षाध्यक्षको कार्यालयबाट दुई पटकसम्म विवादित प्रमाणहरू जारी भएको विश्वविद्यालयमा प्रमाणीकरणको लागि लेखी पठाउँदा दुबै पटक पुनरावेकबाट पेश भएका विवादित प्रमाणहरू forged भएको ब्यहोरा लेखी आएको र पुनरावेदकले नर्थ बंगाल विश्वविद्यालयबाट लेखी आएको उल्लिखित व्यहोरालाई अन्यथा प्रमाणित गर्न नसकेको स्थितिमा पुनरावेदकले पेश गरेका विवादित प्रमाणहरू सक्कली हुन् भन्न नमिल्ने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

११

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको फौ.पु.नं. ३०७८, जालसाजी, *मालादेवी ठाकुर वि. रामप्रसाद ठाकुर*

विवादको जग्गा निजी आर्जनको भन्ने प्रमाणित गर्न नसकेको स्थितिमा विवादित सम्पत्तिमा अंशियारका नाताले नै वादीहरूको पनि अंश हक लाग्ने देखिएकोले विवादित राजीनामाको लिखतमा वादीहरू साक्षी बसेको वा वादीहरूको मञ्जूरी लिएको अवस्था पनि नहुँदा विवादित जग्गा

विक्री गरिदिएको राजीनामाको लिखत जालसाजीबाट भएको देखिने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार १५ गते रोज २ शुभम् ।

१२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ०७७१, परमादेश, *राधादेवी जोशी वि. नेपाल बैंक लिमिटेड नारायणगढ, चितवन समेत*

ऋण प्रवाह गर्दाको अवस्थामा रू. ९,६०,०००।- मूल्याङ्कन गरी ७,१२,५००।- ऋण लगानी गरेकोमा निवेदिकाले समयमा साँवा व्याज समेतको किस्ता नबुझाउँदा सो रकम बढी रू.२३,८३,५०६।- भइसकेकोले सोही ऋण निवेदिकाको नामको कि.नं. ४६७२ को ज.वि. ०-१-३ को घर जग्गा रोक्का राख्न बैंकले मालपोत कार्यालयलाई पत्र लेखी सोही पत्रको आधारमा मालपोत कार्यालयले रोक्का राखेको कार्यलाई गैरकानूनी भन्न नमिल्ने ।

इजलास अधिकृत : माधवप्रसाद अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असोज २२ गते रोज ५ शुभम् ।

**१३**

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं ८४४५, करार, *धनगढी नगरपालिका कार्यालय वि. भीमबहादुर कुँवर*

करारसम्बन्धी ऐन, २०२३ को दफा १८(२)(ग) को कानूनी व्यवस्था हेर्दा सो ऐनअन्तर्गतको कुनै दावीको हकमा मुद्दा गर्नुपर्ने कारण परेको मितिले तीन महिनाभित्र नालिस दिनु पर्ने हदम्याद तोकिएको देखिन्छ । प्रस्तुत विवादमा २०५५ चैत मसान्तसम्ममा प्रतिवादीले चौथो किस्ता समेतको रकम नबुझाएको र असार मसान्तसम्ममा प्रतिवादीले चौथो किस्तासमेतको रकम नबुझाएको र असार मसान्तमा करार अवधि समेत समाप्त भैसक्दा पनि रकम दाखिला नभएपछि तीन महिनाभित्र मुद्दा दायर गरी सक्नुपर्नेमा मिति २०५७।२।२३ मा मात्र प्रस्तुत मुद्दाको फिराद दायर हुन आएकोले वादीको फिराद करारसम्बन्धी ऐन, २०२३ को दफा १८(२)(ग) को हदम्यादभित्र दायर हुन आएको नदेखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल बैशाख १२ गते रोज १ शुभम् ।

१४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु. नं.१०००९, हक कायम दर्ता, *बालगोविन्द कुर्मी समेत वि. त्रिभुवनशरण सिँह कुर्मी*

आमाको मृत्युपश्चात् आमाको हक पुग्ने सम्पत्तिमा छोराको हक नपुग्ने भन्न नमिल्ने देखिँदा दावीबमोजिम लगनदेइको आधा सम्पत्तिमा मात्र यी वादीको हक पुग्ने हुँदा आमाले पाउने लगनदेइको सम्पूर्ण सम्पत्तिको आधासम्म अपुतालीमा वादीको हक कायम हुने भै दर्ता समेत हुने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको फौं पु.नं. ३८१४, जालसाजी कीर्ते, *बालगोविन्द कुर्मी समेत वि. त्रिभुवनशरण सिँह कुर्मी*
- २०६१ सालको दे.पु.नं. १०००८, जग्गा नामसारी सिफारिस वदर, *बालगोविन्द कुर्मी समेत वि. त्रिभुवनशरण सिँह कुर्मी*

१५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं ०४८८, उत्प्रेषणयुक्त परमादेश, *द्वारिकामान नेमकुल वि. ललितपुर उपमहानगरपालिका समेत*

मिति २०५०।५।४ को निर्णयउपर करीव १४ वर्षपछि आएर मात्र रिट क्षेत्रमा प्रवेश गरेको अवस्थामा आफ्नो अधिकारप्रति सजग रहने

व्यक्तिलाई नै अदालतले मद्दत गर्न सक्ने हो । विलम्ब गरी आउनाको चित्त बुझ्दो र उचित आधार कारण समेत निवेदनमा खुलाउन नसकेको अवस्थामा यी रिट निवेदकको हकमा विलम्बको सिद्धान्त लागू हुनुको साथै यी निवेदक सफा हात लिएर अदालत प्रवेश गरेका रहेछन् भनी भन्न मिल्ने अवस्था समेत नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

इति संवत् २०६६ साल चैत २९ गते रोज १ शुभम् ।

१६

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको रिट नं. ००७८, उत्प्रेषणयुक्त परमादेश, *अशोककुमार जयसवाल, वि. गाउँ विकास समितिको कार्यालय, गोपी महोत्तरी समेत*

दुई पक्षबीच भएको करार सम्झौताबमोजिमको काम कसैले गरी नदिएमा वा सो करार बीचैमा कसैले वदर गरे गराएमा करार ऐनबमोजिम जानु पर्ने स्थिति हुन्छ । तर यी निवेदक करार ऐनबमोजिम नगई वैकल्पिक उपचार विद्यमान हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेको पाइयो । करारीय दायित्वको विषयमा रिट क्षेत्र आकर्षित हुन सक्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

इति संवत् २०६६ साल चैत २९ गते रोज १ शुभम् ।

१७

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं. ००३४, उत्प्रेषणयुक्त परमादेश समेत, *पशुपतिभक्त प्रधानाङ्ग वि. कृष्णबहादुर श्रेष्ठ समेत*

जग्गा तथा घर भत्काई पाउनेसम्बन्धी विबाद पुनरावेदन अदालतमा विचाराधीन रहेको भन्ने देखिदा सो मुद्दा फैसला हुँदा उसै मिसिलबाट ठहरेबमोजिम हुने नै हुनाले प्रस्तुत रिट निवेदनबाट सो विषयमा हाल केही बोलिरहनु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

इति संवत् २०६६ साल चैत २९ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री प्रेम शर्मा,** २०६२ सालको दे.पु.नं. ८२२४, जग्गा खिचोला बाटो कायम, *भीमादेवी दवाडी वि. विना रायमाझी*

वादीका दाताले नै जग्गा लिँदा कि.नं. २४६ मा जान आउनका लागि १० फीटे साझा बाटो कायम गर्ने भन्ने राजीनामा लिखतमा उल्लेख भएको राजीनामा लिखतमा प्रतिवादीका परदाता साक्षीमा बसी बाटो दिन स्वीकार गरेको, नक्सा मुचुल्काको नं. १, २, ३ बाटोको रूपमा प्रयोग भएको देखिएको र उक्त न.नं. मा भएको पर्खाल भत्किसकेको भन्ने देखिँदा साविक लिखत तथा भै आएको नक्साबाट समेत स्थापित हुन नआएको तीन फीटे बाटो कायम गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिएन । प्रतिवादीले साविकदेखि एघार फीटे बाटो प्रयोग गरिआएको कुरालाई अन्यथा भन्न नसकेको अवस्थामा साविकदेखि चलिआएको उक्त बाटो बिगार्न मास्न वा अन्य कुनै तरहले लोप गर्न नहुने र सो बाटोलाई सार्वजनिक कायम गर्नुपर्ने हुँदा तीन फीटे बाटो कायम गरेको फैसला कानून न्याय र जग्गासम्बन्धी विवाद निराकरण गरिने प्रचलित मूल्य मान्यताप्रतिकूल देखिँदा जग्गा खिचोलातर्फ वादीले लिएको दावी नपुग्ने र नक्साबाट देखिएको उघार फीटे बाटो कायम हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

- यसै लगाउको २०५९ सालको रिट नं. २७९६,उत्प्रेषण, गणेशबहादुर बुढाथोकी समेत वि. काठमाडौं नगरपालिकासमेतको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री अवधेशकुमार यादव**, २०६५ सालको रिट नं.२०६५

WO ०८९०, उत्प्रेषण परमादेश, *शैलेन्द्रकुमार मिश्र वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निजामती कर्मचारीलाई ट्रेड युनियन खोल्ने वा ट्रेड युनियनमा आवद्ध हुने मौलिक हक अधिकार प्राप्त हुँदैमा सरूवा नै गर्न नहुने होइन । ट्रेड युनियन ऐन, २०४९ को कार्यविधि पूरा गरी ट्रेड युनियनको सदस्य कर्मचारीलाई पनि सरूवा गर्न सकिन्छ । निवेदक कार्यरत् ट्रेड युनियन आधिकारिक ट्रेड युनियन भए नभएको छानबीन गरी आधिकारिक टेड युनियन नदेखिएमा वा आवश्यकताअनुसार सरूवा गर्न पर्दा ट्रेड युनियन ऐन, २०४९ को कार्यविधि र रीत पुऱ्याई सरूवा गर्ने अधिकारमा यो आदेशले बाधा नपुऱ्याउने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री अवधेशकुमार यादव**, २०६५ सालको रिट नं ०६५-WO–०७६१, उत्प्रेषण, परमादेश, *हरिप्रिया दाहाल समेत वि. मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय समेत*

नेपाल स्वास्थ्य सेवाको अधिकृतस्तरका छैठौं तहमा कार्यरत निवेदकहरूलाई सरूवा गर्ने अधिकार नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मात्र भएकोमा अधिकार नै नभएको विपक्षी मध्यमाञ्चल क्षेत्रीय स्वस्थ्य निर्देशनालय हेटौंडाले निवेदकहरूलाई सरूवा गर्ने भनी मिति २०६६।१।४ मा गरेको सरूवा निर्णय एवं पत्र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३० प्रतिकूल भै अधिकारक्षेत्रविहीन देखिँदा उत्प्रेषणको आदेशद्वारा वदर हने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६५ सालको रिट नं २०६५ WO ०७१९, उत्प्रेषण परमादेश, *गुञ्जेश्वरप्रसाद यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं समेत*
- २०६५ सालको रिट नं २०६५ WO ०९४६, उत्प्रेषण परमादेश, *टिकाराम अधिकारी वि जिल्ला स्वास्थ्य कार्यालय, रूपन्देही समेत*

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री अवधेशकुमार यादव**, २०६५ सालको रिट नं. २०६५ WO ०९३१, उत्प्रेषण परमादेश, *उपेन्द्रप्रसाद साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ (क) मा भएको व्यवस्थाअनुरूपको नदेखिए पनि सरकारले जनताको सेवा सुविधाका दृष्टिकोणले निवेदकको सेवालाई आवश्यक ठानी ताप्लेजुङ्ग जिल्लाअन्तर्गत गरेको सरूवालाई वदर गरिहाल्नु पर्ने अवस्था देखिँदैन । निवेदकले सेवा प्रबेश गर्दा लिएको शपथ र जनसेवामा समर्पित हुनुपर्ने कर्मचारीको पदीय दायित्व समेतलाई दृष्टिगत गर्दा निवेदकलई जिल्ला स्वस्थ्य कार्यालय ताप्लेजुङ्गअन्तर्गत सरूवा गर्ने गरी पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय धनकुटाले गरेको सरूवा निर्णय वदर गरिपाऊँ भन्ने देखिन नआएकोले सरूवा गर्दा उक्त विषयमा भएको व्यवस्थालाई पालना गरी सरूवा गर्ने कार्य व्यवस्थित गर्न निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री अवधेशकुमार यादव**, २०६५ सालको रिट नं ०६५ WO ०९४२, उत्प्रेषण परमादेश, *शम्भु गुप्ता समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नयाँ तलवमान कायम गर्ने भनी नेपाल सरकारबाट २०६५।६।१९ मा निर्णय भै प्रकाशित राजपत्रको सूचनाको द्रष्टव्यमा उल्लिखित

वाक्यांशले निवेदकहरूको संविधान वा कानून प्रदत्त हकमा आघात पर्न गएको र समानताको हकको प्रतिकूल भएको भन्ने नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ०५०७, निष्क्रिय मोही लगत कट्टा गरी पाऊँ, *जयनाथ प्रसाद तेली वि. जमदार साह तेली*

भूमिसम्बन्धी नियमावली, २०२१ को अनुसूची समेत अनुसारको निजको नाउँको १ नं. लगत २ नं. अनुसूची र ३ नं. अनुसारको मोहियानी हकको प्रमाणपत्र समेत यथावत रहेकोले विधिवत् मोही कायम नरहेको अन्य व्यक्तिसँग चलेको मुद्दामा मोही निष्काशन हुने ठहर भएको फैसलाबाट यी विधिवत् मोही कायम रहेका प्रत्यर्थी प्रतिवादीको माहियानी हक लगत कट्टा नहुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल मंसिर २६ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री भरतराज उप्रेती,** २०६१ सालको दे.पु.नं. ९६११, निषेधाज्ञा, *झवरलाल भगत समेत वि. शत्रुधनप्रसाद गुप्ता*

पर्खाल भत्काई आफ्नो हकमा आघात पुऱ्याउने काम गरेमा निवेदकले साधारण वैकल्पिक उपचारको मार्ग अवलम्बन गरी उपचार प्राप्त गर्नसक्ने नै हुदा निषेधाज्ञाको निवेदनबाट हस्तक्षेप गरिरहन पर्ने नदेखिने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल फागुन ९ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. २९६०, उत्प्रेषण परमादेश, *झवरलाल भगत समेत वि. जिल्ला प्रशासन कार्यालय, सप्तरी समेत*

जग्गाको हक सम्बन्धमा विवाद उत्पन्न भएको देखिएकोले रिट क्षेत्रबाट प्रमाण बुझी निराकरण गर्न नसकिने र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय वा पत्राचारमा जग्गाको स्वामित्व सम्बन्धमा कुनै उल्लेख नहुनुले शान्ति सुरक्षाका लागि भएको कार्यबाट निवेदकको मौलिक हकमा आघात परेको भन्न नमिल्ने हुँदा रिट खारेज हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६६ साल फागुन ९ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं २०६६ WH ००५८, वन्दीप्रत्यक्षीकरण, *इपक गुरूङ्ग वि. कारागार कार्यालय जगन्नाथदेवल समेत*

नागरिकको स्वतन्त्रता absolute होइन । सक्षम विधायिकाले संवैधानिक प्रक्रिया पूरा गरेर सार्वजनिक हितलाई ध्यानमा राखी वैयक्तिक स्वतन्त्रतामा रोक लगाउने कानून बनाउन सक्दछ । यसरी बनेको कानून वैध कानून हुन्छ । निवेदकका सम्बन्धमा लागू औषधको अपराधमा सरकारी मुद्दासम्बन्धी ऐन जस्तो अपराध अनुसन्धानसम्बन्धी कार्यविधि कानूनको आधारमा अपराध अनुसन्धान गरी पेश भएको फौजदारी मुद्दामा पुर्पक्षको सिलसिलामा लागू हुने कानून अ.वं. ११८(२) नं. अन्तर्गत थुनामा राखिएको आदेशले वैयक्तिक स्वतन्त्रता अपहरण भएको भन्न नसकिने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री भरतराज उप्रेती,** रिट नं. ०६४ WO ०८०१, उत्प्रेषण मिश्रित परमादेश समेत, *सरस्वती शर्मा समेत वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

अस्थायीलाई स्वतः स्थायी गर्दा तथा आंशिकलाई स्वतः करारमा नियुक्ति गर्दा योग्यता

पुगेका समान अवस्थाका एक वर्गको मौलिक हकको हनन् हुन पुग्दछ भने कुनै पनि संगठनले सबै योग्य व्यक्तिलाई बिना भेदभाव समानताका आधारमा प्रतिस्पर्धामा भाग लिन पाउने हकबाट बञ्चित गर्न सक्दैन । अस्थायीलाई स्वतः स्थायी गर्दा वा आंशिकलाई स्वतः करारमा नियुक्ति गर्दा योग्यता पुगेका एक वर्ग मौलिक हकबाट बञ्चित हुन पुग्दछन् । त्रि.वि. राज्यबाट funded शिक्षण संस्था हो भन्ने कुरामा यसमा विवाद हुँदैन । यस्ता सार्वजनिक निकायले पदपूर्ति सम्बन्धमा विद्यमान प्रचलित कानून तथा मान्यतालाई अनदेखा गर्न सक्दैन । राज्यद्वारा funded शिक्षण संस्था जस्तो प्राज्ञिक निकायमा योग्यता प्रणालीबाहेक अन्य कुनै पनि प्रणालीबाट पदपूर्ति हुन सक्दैन । यसरी ऐन कानून तथा प्रचलित मान्यताविपरीत आंशिक शिक्षकलाई मात्र करारमा नियुक्ति हुने गरी सम्पन्न सहमति तथा काम कारवाहीले मान्यता पाउन नसक्ने ।

त्यसैले अहिलेसम्म स्थायी नभएका तर करार, अस्थायी तथा आंशिक शिक्षकको रूपमा कार्यरत शिक्षकले समेत सम्मिलित हुन पाउने गरी कानूनबमोजिम खुल्ला विज्ञापन गरी सबै व्यक्तिलाई प्रतिष्पर्धा गर्ने मौका प्रदान गरी दक्षता, योग्यता, अनुभव समेतलाई मध्यनजर राखी प्रतिस्पर्धाका आधारमा योग्य व्यक्ति छनौट गरी कानूनबमोजिम यथाशीघ्र रिक्त पदपूर्ति गर्नु भन्ने परमादेश समेत जारी हुने ।

उपसचिव : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

यसमा यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन्:

- २०६२ सालको रिट न.. ०६३ WO ०१७५, उत्प्रेषण परमादेश समेत, *विष्णुहरि कोइराला वि. प्र.म.तथा म.प.को कार्यालय समेत*
- २०६३ सालको रिट नं. ०६३ WO ०१९७, उत्प्रेषणमिश्रित परमादेश समेत, *देवेन्द्र न्यौपाने समेत वि. प्र.म.तथा म.प.को कार्यालय समेत*
- २०६२ सालको रिट नं. ०६३ WO ०२४६, उत्प्रेषणमिश्रित परमादेश समेत, *रमेशकुमार थापा वि. नेपाल सरकार समेत*

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री भरतराज उप्रेती,** ०६१ सालको रिट नं. ०६३-WO-३३८७, उत्प्रेषणमिश्रित परमादेश समेत, *होमनाथ अधिकारी समेत वि. त्रि.वि.कार्यकारी परिषद् समेत*

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ अन्तर्गत त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० बनेको छ । यस्तो संस्थाले गर्ने हरेक काम कानूनबाट Guided हुनु पर्दछ । Tribhuvan University जस्तो Autonomous body ले शिक्षकलगायत कुनै पनि समस्या समाधान सम्बन्धमा समिति गठन गर्न सक्दछ । यसमा कुनै विवाद हुन सक्दैन । तर गठन गरेको समितिले सुझाव वा राय दिँदा प्रचलित कानूनविपरीत नहुने नीतिगत कुरामा समस्या समाधान गर्न आफ्नो राय दिन सक्छ । राय वा सुझाव सम्बन्धित प्रचलित कानूनविपरीत हुन सक्दैन । राय वा सुझाव सम्बन्धित कानूनविपरीत हुने भएमा कानून संशोधन गरेर मात्र राय वा सुझाव कार्यान्वयन हुन सक्छ । कानूनमा संशोधन नै नगरी प्रचलित कानूनविपरीत रहेका राय सुझावले कानूनको नजरमा वैधानिकता प्राप्त गर्न नसक्ने हुँदा कार्यान्वयन पनि हुन नसक्ने ।

उपसचिवः विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ०६३ WO ३३८८, परमादेश, *राजेश्वर खनाल समेत वि.त्रि वि. कार्यकारी परिषद् समेत*

कुनै शिक्षक बिदामा बसेका वा काजमा गएका समयमा निजले गर्ने कार्यको लागि आंशिक समयको लागि निश्चित पिरियड अध्यापन गर्ने र सोही पिरियडका आधारमा पारिश्रमिक पाउने गरी

नियुक्त भएका शिक्षक भन्ने देखिएकोले पूर्णकालीन काम गर्ने शिक्षकको रूपमा मान्न मिल्ने देखिएन । त्रि.वि. शिक्षक कर्मचारी नियम, २०५० को नियम ५२ बमोजिम यस प्रकृतिको सेवा अवधि नोकरीमा गणना गर्न मिल्ने नदेखिंदा निवेदन मागबमोजिमको परमादेश जारी गर्न मिल्ने देखिएन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. २०६३ WO ३३८९, उत्प्रेषण परमादेश, *राजेश्वर खनाल समेत वि. त्रि.वि. कार्यकारी परिषद् समेत*

निवेदकहरू आंशिक शिक्षक भन्ने देखिन्छ । आंशिक शिक्षकसम्बन्धी व्यवस्था त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियमावली, २०५० को नियम १० मा व्यवस्था भएको देखिन्छ । नियम १० (२) अनुसार कुनै शिक्षक बिदा वा काजमा अन्यत्र गएको अवस्थामा निजहरूले लिने गरेको कक्षा वा गर्ने गरेका अनुसन्धान वा कार्य अन्य शिक्षक वा उपयुक्त व्यक्तिद्वारा आंशिक समयमा गराउन सकिने देखिन्छ । आंशिक शिक्षक विश्वविद्यालयको शिक्षक दरबन्दीमा पदाधिकार भएको शिक्षक होइन । निवेदकको माग अस्थायी तथा करार शिक्षक सहायकको समान तलवस्केल लगायतका भत्ता सुविधा उपलब्ध गराउनु भनी परमादेश जारी गरिपाऊँ भन्ने छ । स्थायी, करार, अस्थायी र आंशिक छुट्टाछुट्टै वर्ग हुन् । एक त निवेदकहरू अस्थायी तथा करार शिक्षक नभएकोले निजहरूले संविधानको धारा १३ उल्लेख गरी आफूलाई अस्थायी तथा करार शिक्षकसरह आंशिक शिक्षक पनि एकै प्रकारको वर्ग हो भन्ने तर्क निरर्थक छ । यस्ता आंशिक शिक्षक बेग्लै र भिन्न वर्गका शिक्षक भएकोले समान वर्गलाई समान वर्गसँग मात्र तुलना गर्न सक्छ, समान वर्गले असमान वर्गसँग आफूलाई तुलना गर्न सक्तैन । अर्को कुरा कुन वर्गलाई के कति तलव लगायत सुविधा दिने भन्ने विशुद्ध नीतिगत कुरा हुँदा यस्तो नीतिगत विषयमा धारा १०७(२) अन्तर्गत हस्तक्षेप गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. २०६३ WO ३३९०, उत्प्रेषण परमादेश, *राजेश्वर खनाल समेत वि.नेपाल प्राध्यापक संघ समेत*

यस अदालतले संविधानको धारा ८८ (१) वा १०७ (१) को असाधारण अधिकार क्षेत्रअन्तर्गत संविधानसँग बाझिएको नेपाल कानून मात्र असंवैधानिक घोषणा गर्दछ । प्रस्तुत रिट निवेदन धारा ८८(२) अन्तर्गत दायर भएको देखिन्छ । धारा ८८(२) ले कार्यकारिणी प्रशासकीय अधिकारी वा state का agency वा instrumentality का प्रशासकीय निर्णय मात्र वदर गर्दछ । धारा ८८(२) को अधिकारअन्तर्गत कानून अमान्य वा वदर गरिँदैन । तसर्थ निवेदनमा माग भएको नेपाल प्राध्यापक संघ निर्वाचन नियमावली, २०५७ नेपाल कानून नभएकोले यसमा धारा ८८ अन्तर्गत न्यायिक पुनरावलोकन हुन नसक्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

## इजलास नं.३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६१ सालको दे.पु.नं. ८३५६, जग्गा खिचोला, *जयन्तीदेवी जोशी वि. प्रेमदेवी श्रेष्ठ*

वस्तुतः आफ्नो जग्गा अरूले कब्जा गरेको थाहा पाएपछि खिचोलामा नालेश गर्नुपर्ने कारण (Cause of Action) सिर्जना भएको मान्नु पर्दछ र सोही मितिबाटै नालिस गर्ने हदम्याद सिर्जना हुन्छ । तसर्थ प्रस्तुत विवादमा नापी शाखाबाट भएको स्थलगत जाँचबाट आफ्नो जग्गा प्रतिवादीको जग्गामा घुसेको तथ्य वादीलाई थाहा भएको मितिबाट नै वादीले खिचोलामा नालेश गर्ने हदम्याद प्रारम्भ हुने हुँदा सो मितिबाट जग्गा मिच्नेको १८ नं. अनुसार ६ महिनाभित्र परेको प्रस्तुत फिरादलाई हदम्याद बाहिरको भन्न नमिल्ने । वादीको जग्गामा पर्खाल लगाउँदैमा वादीको स्वामित्व समाप्त हुने र प्रतिवादीको स्वामित्व सिर्जना नहुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : सुदिप पञ्जानी

इति संवत् २०६६ साल चैत १ गते रोज १ शुभम्

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६२ सालको दे.पु.नं. ९७४२, निर्माण कार्य रोक्का समेत, *निशान जोशी समेत वि. रीतादेवी श्रेष्ठ*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(५) मा पारित नक्सामा प्रमुखको स्वीकृति बेगर हेरफेर गरी कसैले भवन निर्माण गरेमा प्रमुखले निजलाई एकलाखसम्म जरीवाना गर्न वा सो भवन वा त्यसको कुनै भाग भत्कने गरी आदेश दिन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । सार्वजनिक जग्गा नमिचेको अवस्थामा नक्सा पासविपरीत बनाएको संरचना बाध्यात्मक रूपमा नगरपालिकाले भत्काउनै पर्दछ भन्ने कानूनी व्यवस्था उक्त ऐनले गरेको नदेखिने ।

पारित नक्साविपरीत घर निर्माण गरेकोमा प्रतिवादीलाई जरीवाना गरी नक्साविपरीत भएको निर्माणलाई नियमित गरी दिने ठहर गरेको कार्य मनासिव नै देखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल चैत ३ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६१ सालको दे.पु.नं. ९७७९, खिचोला हक कायम समेत, *अनकमान श्रेष्ठ वि. नरेन्द्रराज सायमी*

२०२१ सालमा नै प्रतिवादीको जग्गाको चारैतर्फ पर्खाल रहेको भन्ने तथ्य स्थापित हुन आएको देखिँदा घर बनाउने पास पूर्जीले पर्खालको स्वामित्वमा विवाद परेमा ठहरेबमोजिम हुनुपर्ने कानूनी वाध्यतालाई रोक्न सक्दैन भनी प्रतिवादीले खिचोला गरेको ठहऱ्याएको पुनरावेदन अदालतको इन्साफ मिलेको नदेखिदा उल्टी भई वादी दावी नपुग्ने ठहऱ्याएको शुरू अदालतको फैसला सदर हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

इति संवत् २०६६ साल चैत ३ गते रोज ३ शुभम् ।

यसै लगाउका यिनै वादी र प्रतिवादी भएका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.न.. ९७७८, निषेधाज्ञा,
- २०६१ सालको फौ.पु.नं.३६९७, अदालतको अपहेलना

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** रिट नं. २०६४ WO ०५७९, उत्प्रेषण समेत, *जोगेन्द्र भगत वि. जिल्ला प्रशासन कार्यलय सप्तरी समेत*

जिल्ला प्रशासन कार्यालय सप्तरीको मिति २०६४।१०।६ को पत्रानुसार रोक्का भएको बैंक खाता फुकुवा भइसकेको छ भनी विपक्षी नेपाल बैंक लिमिटेडको लिखित जवाफमा समेत उल्लेख भएको देखियो । यसरी निवेदक नेपाल रेडक्रस सोसाइटी सप्तरी शाखाको विपक्षीबाट रोक्का भएको बैंक खाता फुकुवा भइसकेको भन्ने लिखित जवाफ समेतबाट देखिदा मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल फागुन ३ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव**, २०६४ सालको दे.पु.नं. २२२।९७८, कुतमोही, *रामअसरे साह वि. लालमतीदेवी कुर्मीन*

प्रस्तुत मुद्दामा २०५७ सालको कुतबाली नबुझाएको भन्ने विवाद समावेश भएको देखिँदा प्रतिपादित सिद्धान्तअनुसार सो २०५७ सालको कूतवाली यी पुनरावेदक प्रतिवादीले नबुझाएको भन्ने आधारमा निजलाई विवादको जग्गाको मोहीहकबाट निष्काशन गर्ने गरेको पुनरावेदन अदालतको इन्साफ मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादीको मोही हक यथावत कायम रहने र विवादको जग्गाको २०५७ सालको कुतवापत वादीले दावीबमोजिम पुनरावेदक प्रतिवादीबाट रू.१४६२।५० भरिपाउने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल माघ १५ गते रोज ६ शुभम् ।

६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव**, दे.पु.न. २०६५ CI ०४६९, मोहियानी हकको प्रमाणपत्र पाऊँ, *मिश्रीलाल यादव वि. जनकलाल यादव समेत*

प्रस्तुत मुद्दा जग्गाधनीले मोही लगत कट्टा गरिपाऊँ भनी मोहीका विरूद्ध दायर गरेको नभै मोही हकको प्रमाणपत्र पाऊँ भनी जग्गा जोत्ने मोहीले जग्गाधनीका विरूद्ध दायर गरेको मुद्दा भएकाले मोहीको १ नं लगत र २ नं. अनुसूची कायमै रहेको अवस्थामा वादीको मोहियानी हकलाई अन्यथा भन्न नसकिने ।

नापीमा मोही लेखाएको वा नलेखिएको कुराले मोहियानी हकको प्राप्ति वा समाप्ति हुने होइन भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसबाट मोहियानी हकको प्राप्तिका लागि १ नं. लगत र २ नं. अनुसूचीलाई निर्णायक प्रमाण मान्नु पर्ने र १ नं. लगत र २ नं. अनुसूची प्रकाशित भएको अवस्थामा फिल्डबुकमा मोहीको नाम उल्लेख नभएको कारणले मात्र मोहियानी हकमा असर नपर्ने भन्ने न्यायिक सिद्धान्त समेत कायम भइरहेको स्थितिमा मोहियानी हकको प्रमाणपत्र पाउने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल माघ १५ गते रोज ६ शुभम् ।

७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** दे.पु.नं.२०६६ CI ००६८, कुत मोही, *पपुकुमार,वि. पुनी चौधरी थारू*

२०५३ सालपछिको बाली नबुझाएको भन्ने आधारमा मोही हकबाट निष्काशन हुन नसक्ने देखिन्छ । प्रस्तुत मुद्दामा पनि २०६१ सालको कुतबाली नबुझाएको भन्ने आधारमा मोही हकबाट निष्काशन हुने गरी फैसला गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६६ साल माघ १५ गते रोज ६ शुभम् ।

८

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.न. २१४, कुत दिलाई मोही निष्काशन, *रम्भादेवी थारू वि. बासुदेव उपाध्याय दाहाल*

मिति २०५३।९।२४ मा भएको भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनपश्चात् वर्षको बालीका सम्बन्धमा कुतबाली दिलाई मोही निष्काशन गरिपाऊँ भनी मुद्दा चलेकोमा कुत नबुझाएको भनी मोही निष्काशन गर्न संविधान र कानूनसम्मत हुदैन भन्ने सिद्धान्त प्रतिपादन भएको हुँदा प्रस्तुत मुद्दामा पनि २०५८ सालको कुतबाली नबुझाएको भन्ने विवाद समावेश भएको देखिँदा उल्लिखित प्रतिपादित सिद्धान्तअनुसार सो २०५८ सालको कुतबाली यी पुनरावेदक प्रतिवादीले नबुझाएको भन्ने आधारमा निजलाई मोही हकबाट निष्काशन गर्ने ठहऱ्याएको इन्साफ मिलेको नदेखिँदा

उल्टी भई विवादको जग्गामा पुनरावेदक प्रतिवादीको मोही हक कायम रहने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
इति संवत् २०६६ साल माघ १५ गते रोज ६ शुभम् ।

९

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६१ सालको दे.पु.नं. ८३३७, कुतमोही, *कुञ्जबिहारी राउत वि लक्ष्मणकुमार उपाध्याय*

कुत बालीतर्फ दावीको २०५७ सालको कुतबाली प्रत्यर्थी जग्गाधनीलाई बुझाएको भनी पुनरावेदक प्रतिवादीले प्रतिवाद गरेको देखिन्छ । तर सो बाली वादीलाई बुझाएको भन्ने तथ्य स्थापित हुने कुनै लिखित प्रमाण पुनरावेदक प्रतिवादीले पेश गर्न सकेको पाइदैन । यसबाट बाली बुझाएको भन्ने पुनरावेदक प्रतिवादीको जिकीर स्थापित हुन आएको नदेखिँदा वादी दावीबमोजिम कुतबापतको बिगो भराई दिनुपर्ने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
इति संवत् २०६६ साल माघ १५ गते रोज ६ शुभम् ।

१०

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६५ सालको दे.पु.नं. ०६४ CI ०९०४, जग्गाधनी संशोधन गरी मोही नामसारी, *भदई कुर्मी वि.पुष्पावती पटनवार समेत*

पुनरावेदक वादीले मोहीको रूपमा जग्गाधनीको मञ्जूरी लिई जग्गा कमाएको वा जग्गाधनीलाई कुत बुझाएको कुनै प्रमाण निजले प्रस्तुत गर्न नसकेको साथसाथै दावीका जग्गाको मोही पुनरावेदकको दाजु साधो कुर्मीको मृत्यु २०३२ सालमा नै भैसकेको र त्यसबेला निजकी पत्नी समेत जीवित नभै उनीहरूको कुनै सन्तान पनि नरहेको र तत्कालीन कानूनी व्यवस्थाअनुसार दाजु मोहीको मोहियानी हक भाइले प्राप्त गर्न सक्ने कानूनी प्रावधान समेत नरहेकोले पुनरावेदक वादीले मोहियानी हक प्राप्त गर्न नसक्ने ।
इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
इति संवत् २०६६ साल माघ ८ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६३ सालको २०६३-WO ०९०३, उत्प्रेषण समेत, *अब्दुल हफिज वि. जिल्ला शिक्षा कार्यालय खोटाङ समेत*

निवेदक नियुक्ति पाई कामकाज गरिरहेकै अवस्थामा जिल्लान्तर काज सरूवा गराउन भनी जिल्ला शिक्षा कार्यालय खोटाङबाट सहमति लिई सिराहा जिल्लामा काज सरूवा गराउन प्रयासरत् रहिरहेको र निजले सोही अवधिमा विद्यालयमा उपस्थित हुन नसक्नुका कारण दर्शाई निवेदनद्वारा जानकारी गराई विदा समेत माग गरी निवेदन दिइरहेको अवस्थाले निजको कार्यलयसँगको सम्बन्ध टुटेको अवस्था नभई निरन्तरता रहेकोमा परीक्षणकालमा काम सन्तोषजनक नभएको भन्ने आधारमा विभागीय प्रकृतिको भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सफाइ पेश गर्ने मौका समेत प्रदान नगरी अधिकारविहीन निमित्त जिल्ला शिक्षा अधिकारीले पदबाट हटाएको लगायतका सोसँग सम्बन्धित सम्पूर्ण निर्णय तथा पत्राचारहरू शिक्षा ऐन, नियमावलीका साथै कानूनका मान्य सिद्धान्त समेत विपरीत भई त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा वदर हुने ।
इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल मंसिर ९ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको दे.पु.नं. ८७८४, वकसपत्र लिखत वदर दर्ता, *तेजनारायण ठाकुर भूमिहार वि. वलीराम ठाकुर भूमिहार समेत*

नक्सा मुचुल्काको न.नं. १२ मा आँगन निकासा जग्गा र न.१३ मा टाटीको बार खपडाको छाना भएको उत्तरतर्फ कोठा १ मा कुटान पिसान समेतको मील र दक्षिणतर्फ कोठा १ गोठघर भएको

घर जग्गा सो नं १२, १३ समेत वादी तेजनारायण ठाकुरले भोगचलन गरेको घर जग्गा भनी बताएको व्यहोरा उल्लेख भै आएको देखिन्छ । नक्सा मुचुल्काको न.नं. १२ को वादीको मील, न.नं. १३ सोही मीलको आँगन रहेकोमा सो मीलको रहेको र सोतर्फ प्रतिवादीको दावी उजूर पनि नपरेको मल सञ्चालनार्थ वादी तेजनारायणले गा.वि.स.मील दिएको निवेदन, गा.वि.स.बाट मील सिफारिशको लागि दिएको मञ्जूरी, पुनरावेदन अदालतले मिल रहेको घर जग्गा वादीको ठहऱ्याई गरेको फैसलाउपर प्रतिवादीले पुनरावेदन नगरी चित्त बुझाई बसेको आधारहरूबाट न.नं. १२ र १३ को घर जग्गासम्म भोग समेतका आधारबाट वादीको हकको देखिन आयो । सोदेखि बाहेकका जग्गाहरू आफ्नो अंशभागमा परी वा अन्य कुनै स्रोतबाट आफ्नो हकभोग रहेको भनी वादीले प्रमाण पेश गरी पुष्टि गर्न सकेको अवस्था नरहेकोले निजको हककायम हुन सक्ने देखिन नआउँदा वकसपत्रको लिखितमा उल्लिखित जग्गामध्ये नं. १२ नं. १३ को घर जग्गामात्र वादीको हक कायम हुने हुँदा सो हदसम्मको लिखत मात्र वदर हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६६ साल पुस १३ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६१ सालको फौ.पु.न. ३२६९, जालसाजी, *तेजनारायण ठाकुर भूमिहार समेत वि. बलीराम ठाकुर भूमिहारको* मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ०३२९, नक्सा पास विना निर्माण कार्य रोक्का राखी निर्माण भत्काई पाऊँ, *राधेकृष्ण श्रेष्ठ वि. रत्नदेवी माली*

महानगरपालिकाको प्राविधिकको प्रतिवेदन नक्सा स्केच समेतबाट उक्त जग्गामा पुरानो घर, पुरानो ट्वाइलेट , नयाँ ट्वाइलेट नयाँ टहरा, दुई तले नयाँ घर रहेको भन्ने देखिएको आधारमा महानगरपालिकाले उक्त घर ट्वाइलेट भत्काउने ठहऱ्याएको छ । पुनरावेदन अदालतको आदेशबमोजिम भएको सर्जमीन मुचुल्कामा उक्त जग्गा रहेको साविक घर केही भाग भत्किन गै बस्न समेत नहुने भै १४ नं. वडा कार्यालयको स्वीकृति लिई मर्मत संभार गरेको हो भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिँदा काठमाडौं महानगरपालिकाको घर भत्काई दिने ठहऱ्याएको निर्णय वदर गरी सबूद प्रमाण बुझी पुनः कानूनबमोजिम निर्णय गर्नु भनी शुरूमा पठाउने ठहऱ्याएको फैसला मिलेकै देखिदा सदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६६ साल पुस ५ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. ०३७२, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. कुमार तामाङ समेत*

प्रतिवादीहरूले अलग-अलग एक-एक थान मोटरसाइकल रहजनी चोरी गरी लगेको भन्ने देखिएको छ । अर्थात् प्रतिवादी कुमार तामाङ्गले मोल रू. ५० हजार पर्ने र प्रतिवादी बुद्ध राइले २० हजार मोल पर्ने मोटरसाइकल चोरी गरी लगेको देखियो । मुलुकी ऐन, चोरीको महलको १०(३) मा सबै प्रकारको चोरी मुद्दा बिगो जसले जति खाएको ठहर्छ उसबाट उति असूल गरी लिनु पर्दछ भन्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा समेत प्रतिवादी कुमार तामाङ्गले ५० हजार मोल पर्ने एक थान मोटरसाइकल र प्रतिवादी बुद्ध राइले २० हजार मोल पर्ने अर्को एक थान मोटरसाइकल रहजनी चोरी गरी लगेको मिसिल संलग्न जाहेरी दर्खास्त, बरामदी मुचुल्का प्रतिवादीको वयान समेतका सबूद प्रमाणबाट प्रमाणित भैरहेको देखिएको अवस्थामा दुबै मोटरसाइकलको जम्मा बिगो कायम गरी सोहीबमोजिम जनही सजाय गरिन नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
इति संवत् २०६६ साल पुस ५ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. ०१६३, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. मीठु लुइटेल*

जाहेरी दरखास्त र अदालतबाट प्रमाणित भएको वयानको व्यहोरासँग पीडित जाहेरवालीको अदालतमा भएको वकपत्रमा एकरूपता नदेखिएको, यिनै प्रतिवादीले पीडितलाई सर्कसमा लगी बिक्री गरेको भन्ने किटानी गर्ने कुनै ठोस प्रमाण नभएको, आफ्नै बाबुले जाहेरवालीलाई सर्कसमा लगी काममा लगाई बाटा खर्च समेत लिई आएको देखिएको तथा प्रतिवादीले जाहेरवालीलाई आफूले बिक्री नगरेको भनी लिएको इन्कारी वयानलाई निजका साक्षीहरू र जाहेरवालीको बाबुको वयान समेतबाट पुष्टि एवं समर्थित भैरहेको अवस्थामा प्रतिवादीलाई कसूरदार ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : विदुषी रायमाभ्की

इति संवत् २०६६ साल पुस ५ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६३ CR ०२७१, जवर्जस्ती करणी, *धनबहादुर राई वि. नेपाल सरकार*

पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा निजको योनीको Labia Minora को तल्लो भागमा पुरानो Scar देखिएको, यौनाङ्ग र शरीरमा संघर्षका चिन्हहरू नदेखिएको, यौनाङ्ग वरिपरि र यौनाङ्गको Vaginal Vwap प्रगोगशालामा जाँच गर्दा Spermatazoea नपाइएको हाल यौनाङ्गमा कुनै नयाँ चिन्हहरू नपाइएको भन्ने उल्लेख भएको देखिन्छ । ख कुमारीलाई निजले भने भैं प्रतिवादीले करणी गरेका भए निजको यौनाङ्गको अवस्था दुरूस्त एवं सामान्य रूपमा रहन सक्दैन । पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट करणीको वारदात प्रमाणित हुन नआउने ।

अभियोजन पक्ष अर्थात् वादीतर्फबाट कुनै शंकारहित प्रमाण विश्वसनीय तवरले(Beyond Resonable Doubt) अदालतसमक्ष प्रस्तुत हुन नसकेकोले, शंका र अनुमानको भरमा मात्र प्रतिवादीलाई आरोपित कसूर गरेको भनी गडाउ गर्न मुनासिव नहुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : विदुषी रायमाभ्की

इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६२-CI-८०७४,जग्गा खिचोला चलन, *प्रभुराम बस्नेत वि. मोहनकुमार श्रेष्ठ*

नापी शाखाबाट भै आएको ट्रायल चेक अनुसार कि.नं. २१२ को ज.वि. ०-८-६, कि.नं. ३७३ को ज.वि. ०-१-६ र कि.नं. ३७२ को ज.वि. ०-२-७ वदर भई कायम कि.नं. ३८६ को ०-०-११ कि.नं. ३८७ को ०-०-१३, ३८८ को ०-०-१३ र कि.नं. ३८९ को ०-०-८ कायम भएको देखिन आउँछ । पुनरावेदन अदालत बिराटनगरबाट मिति २०६१।९।२ गते भएको नक्सा मुचुल्काबमोजिम न.नं ३ कि.नं. २१२ पुनरावेदक प्रतिवादी प्रभुराम बस्नेतको जग्गाको क्षेत्रफल ज.वि. ०-६-१९ १/२ रहेको देखियो । प्रतिवादीको न.नं. ३ को जग्गामा विवादित न.नं. १ को ज.वि. ०-०-१-१ को जग्गाको क्षेत्रफल जोड्दा पनि ट्रायल चेकबाट कायम ज.वि. ०-८-६ मा भन्दा कम जग्गा कायम रहन जाने भएबाट वादीको जग्गा यी प्रतिवादीले खिचोला गरेको भन्ने नापीको ट्रायल चेक र अदालतबाट भएको नक्साअनुसार पुष्टि हुन आउँदैन । प्रत्यर्थी वादी दोस्रो पटक नक्सा गर्दा तारेखमा रही रोहवरमा बस्न इन्कार गरे पनि पहिलो पटक २०६१।१।२२ को नक्सामा रोहबरमा रही प्रतिवादी विष्णुप्रसाद पौडेलले मात्र जग्गा खिचोला गरी खाएको देखिँदा सोबमोजिम गरिपाऊँ भनी आफ्नो व्यहोरा लेखाई पुनरावेदकलाई खिचोला गरेबाट बाहेक गरेको देखिँदा पुनरावेदक प्रतिवादीले वादीको जग्गा खिचोला गरेको नदेखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : विदुषी रायमाभ्की

इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६२ सालको फौं.पु.नं. ३६७४, लागू औषध चरेश निकासी समेतको कारोवार, *नेपाल सरकार वि. फुन्चो गुरूङ्ग*

पहिले लागू औषध मुद्दामा कारवाही चली अदालतबाट अपराध गरेको ठहर भै सजाय पाएकोमा प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्ष समेतको वयानमा सावित भएको र अहिले पनि अदलतबाट जारी भएको म्यादमा हाजिर भै पहिला सजाय पाएको होइन भनी खण्डन गर्न नसकेको अवस्थामा पटके कायम गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम प्रतिवादीलाई थप सजाय समेत गर्नु पर्नेमा नगरेको हदसम्म पुनरावेदन अदालत पाटनको मिति २०६१।९।११ को फैसला नमिलेकोले केही उल्टी भै उल्लिखित ऐनको दफा १६ बमोजिम प्रतिवादी फुन्चो गुरूङ्गलाई थप ३ महिना कैद र रू.१०,०००।- (अक्षरूपी दश हजार) जरीवाना हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम् ।

९

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको स.फौ.पु.नं. ०२५८, चोरी, *नेपाल सरकार वि. टीकाराम थापा समेत*

प्रतिवादीहरूलाई अभियोग दावीबमोजिमको कसूर अपराध ठहर गरी सकेपछि जाहेरवालीको चोरी भएको धनमालको बिगो समेत भराई दिनु पर्नेमा पुनरावेदन अदालतको फैसलामा त्यस्तो बिगो भराउने तर्फ बोल्दै नबोली अभियोग दावीबमोजिम कसूर अपराध ठहर गरेको देखिँदा जाहेरवालीको विगो भराई दिने कुरा समेत समावेश हुँदा प्रस्तुत इन्साफमा तात्विक असर नपर्ने हुँदा जाहेरवाला सरिता राउतले चोरी भएको माल समानको कायम भएको विगो प्रतिवादीहरूबाट भराई लिन पाउने गरी तपसील खण्डमा लेखिन छूट भएको सो हदसम्म संशोधन हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम् ।

१०

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला काकी,** २०६२ सालको दे.पु.नं. ८४८०, लेनदेन, *जीवराज धिताल वि. शोभाकर धिताल*

वादी प्रतिवादीबीच मिति २०५३।८।२ मा कपाली तमसुक गरी लिएको रकम रू. २,०१,००१।- मध्ये पुनरावेदक प्रतिवादीले ६५,२४५।-वादीलाई बुझाई भरपाई समेत गराई लिई सोबाहेक अरू बाँकी रकम बुझाएको नदेखिँदा मिति २०५४।८।९ को भरपाईबाट बुझाएको रकम रू.६५,२४५।- कपाली तमसुकको साँवा रू.२,०१,००१।- बाट कटाई बाँकी रहन आएको साँवा रकम रू.१,३५,७५६।- को साँवा ब्याज भराई लिनसक्ने प्रमाणबाट पुष्टि भएको देखिँदा साँवा रकम रू.१,३५,७५६।- को साँवा ब्याज भराई दिने ठहऱ्याएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६६ साल मंसिर २५ गते रोज ५ शुभम् ।

११

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०४२५, छोडपत्रबमोजिम मोही लगत कट्टा, *पदमकुमारी थापा वि. झौरू चौधरी*

भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम मोहीको लगत खडा भै मोही हक प्राप्त भएको मोहीका लगत कानूनबमोजिम छोडेको यकीन हुन सक्ने भरपर्दो तथ्ययुक्त प्रमाणको अभावमा कानूनद्वारा स्थापित मोही लगत कट्टा २०२४ सालमा तत्कालीन गा.पं.लाई भएको भनिएको सूचनाको अभिलेख सम्बन्धित गा.वि.स.मा फेला नपरेको र हालसम्म पनि मोही लगत कट्टा नभई निज झवरू भन्ने झौरू चौधरी नै रही जग्गा समेत जोत कमोद गरी

आइरहेको अवस्थामा कानूनबमोजिम सिर्जित मोहियानी हकको लगत कट्टा गर्नु न्यायसम्मत नहुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल मंसिर २६ गते रोज ६ शुभम् ।

१२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको स.फौ.पु.नं. ००१०, कर्तव्य ज्यान, *दिनेश विश्वकर्मा वि. नेपाल सरकार*

आफूले संरक्षण गर्नु पर्ने भ्रुङ्केली छोरीमाथि मानवीय भूलले एकपटक मात्र जवर्जस्ती यौन सम्पर्क हुने थियो होला तर प्रस्तुत मुद्दाका प्रतिवादीले एक पटक मात्र नभई पटक-पटक जवर्जस्ती यौन सम्पर्क राखी संवेदनहीन भई गर्भ बोकाएको अपराध ढाकछोप गर्नको लागि आफ्नो अनैतिक सम्बन्धबाट जन्मिएको नवजात शिशुको आमाले समेत इन्कार गर्दागर्दै पनि हत्या गर्न गई अपराधमाथि झन् गम्भीर अपराधको श्रृङ्खला थप्दै जाने प्रतिवादी दिनेश विश्वकर्माले कुनै तथ्ययुक्त ठोस आधार, कारण र प्रमाण बेगर नै अपराधमा सावित भएको र श्रीमती लगायतका आफ्ना र झुङ्केली छोरीहरूको पालनपोषण विवाह दानको अभिभारा र दायित्व रहेको भनी विवेकहीन बाबु वा पति निज प्रतिवादीको अभियोग माग दावीभन्दा कम सजाय वा छुटकारा पाऊँ भन्ने पुग्न नसकी निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम सर्वस्व सहित जन्मकैद हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

१३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको स.फौ.पु.नं.०५१०, *कर्तव्य ज्यान, लुगे राना वि. नेपाल सरकार*

घर परिवारका व्यक्तिसँग विवाद बढ्दै गई अंश नपाइरहेको रिसको आवेगमा आई निज प्रतिवादीले बञ्चरो प्रहार गर्दा सौतेनी आमाको तत्काले मृत्यु हुन गएको जस्ता यावत् कुराको पारिवारिक पृष्ठभूमिका अतिरिक्त वारदात हुनुको परिस्थिति, आर्थिक र शैक्षिक अवस्था, वारदातको पृष्ठभूमि तथा आवेग समेतका आधारमा निजले अपराध गर्दा अपनाएको भूमिका र परिस्थिति समेतबाट निज प्रतिवादीलाई ११(एघार) वर्ष कैद हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

१४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको स.फौ.पु.नं.००७४, कर्तव्य ज्यान, *जीना चौधरी लुवागुन वि. नेपाल सरकार*

जाहेरवालाले दिएको किटानी जाहेरी, प्रतिवादीको वयान व्यहोरा र बरामदी मुचुल्का तथा परीक्षण प्रतिवेदन समेतबाट प्रतिवादीले दिवस लुवागुनलाई मार्ने उद्देश्यले नै एसिड खुवाएको मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुँदा हेलचक्र्याई वा होश नपुऱ्याई गरिएको कार्य भनी अर्थ गर्नु न्यायसंगत नहुँदा मृतक दिवस लुवागुनको मृत्यु प्रतिवादी जीना लुवागुनको कर्तव्यबाट भएको पुष्टि र प्रमाणित हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १३(२) नं. को कसूरमा ऐ.को १३(२) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

१५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ WO ०२५२, परमादेश, *बुद्धिलाल रञ्जितकार वि. रामकाजी रञ्जितकार समेत*

निवेदकले सार्वजनिक अपराधको उजूरी दर्ता गर्न ल्याएपछि सरकारी मुद्दासम्बन्धी ऐनको

कानूनी व्यवस्थाअनुसार दर्ता गर्न ल्याएपछि सरकारी मुद्दासम्बन्धी ऐनको कानूनी व्यवस्थाअनुसार दर्ता गर्न मिल्ने भए दर्ता गर्ने र रीतपूर्वकको नभई दर्ता गर्न नमिल्ने भएमा आधार र कारण खुलाई दरपीठ गर्नुपर्ने कानूनी कर्तव्य राज्यको तर्फबाट सरकार वादी भै चल्ने मुद्दामा अनुसन्धान र तहकीकात गर्ने प्रहरी कार्यालयको हो । यसैले रिट निवेदनको व्यहोरा, लिखित जवाफ र प्रचलित कानूनी व्यवस्था हेर्दा निवेदकले दर्ता गर्न ल्याएको जाहेरी दरखास्तमा कानूनद्वारा निर्दिष्ट कर्तव्य र दायित्वको निर्वाह प्रहरी कार्यालयले गरेको देखिन आएन । यसर्थ निवेदकले दर्ता गर्न ल्याएको सार्वजनिक अपराधको जाहेरी दरखास्त कानूनबमोजिम हेरी जाँची दर्ता गर्न मिल्ने भए दर्ता गर्न र दर्ता गर्न नमिल्ने भए दरपीठ गर्नु भनी महानगरीय प्रहरी परिसर भक्तपुरका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६४ सालको फौ.पु.नं. ०३१६, वन पैदावार ओसार पसार, *खड्गबहादुर के.सी.वि. नेपाल सरकार*

प्रतिवादीको घर गोठबाट काठ बरामद भएको, टाँचा निसाना नभएको, इजाजत पत्र नलिएको हुँदा टाँचारहितको काठ बरामद भएको अवस्थामा सो काठ निजले इजाजतबिना ल्याएको मान्नु पर्ने भई निज प्रतिवादी खड्गबहादुर के.सी.लाई वन ऐन, २०४९ को दफा ४९(घ) को कसूरमा सोही ऐनको दफा ५०(१)(घ)(४) अनुसार बरामद भएको रू. ३३,३२५।- को काठ जफत गरी सोको दोब्बर रू. ६६,६५०।- प्रतिवादीलाई जरीवाना हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६२ सालको फौ.पु.नं. ३७३५, मूल्य अभिवृद्धि कर, *वसन्तकुमार श्रेष्ठ वि. आन्तरिक राजश्व कार्यालय, भैरहवा समेत*

पुनरावेदकले मूल्य अभिबृद्धि करसहितको बील जारी गरेको, निज मूल्य अभिवृद्धि कर दातामा दर्ता भएको अवस्थामा उक्त ऐनको दफा ८ ले निजबाट नै असूल गर्नुपर्ने रकम असूल हुन नसकेको कारणले मात्र निजले कर दायित्वबाट उन्मुक्ति पाउन नसक्ने हुन्छ । आफूले सेवा प्रदान गरेको सडक कार्यालयले त्यसरी बिजक जारी भएबमोजिम मूल्य अभिवृद्धि कर रकम असूल गर्नेतर्फ यी पुनरावेदकले कारवाही चलाउन पाउने नै हुन्छ । तर त्यसो पनि नगरी आफूले प्राप्त गरेको रकमको मूल्य अभिवृद्धि कर तिर्न नपर्ने भनी जिकीर लिदैमा त्यस्तो कानूनी व्यवस्थाको अभावमा कर दायित्वबाट उन्मुक्ति  हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल पुस २० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गौरी ढकाल,** २०६४ सालको दे.पु.नं. ९९९, अंश दपोट, *कृष्ण गाइजू वि. कृष्णभक्त गाइजू*

जुन सम्पत्ति जग्गा दपोट गऱ्यो भनी फिराद परेको छ सो कि.नं. ४८९ को जग्गा मसिनु गाइजू नाम दर्ता भएको मिसिलबाट देखिन्छ । तर निज दर्तावाला मसिनु गाइजूलाई प्रस्तुत अंश दपोट मुद्दामा प्रतिवादी नै बनाएको देखिदैन । फिराद लेखबाट प्रथम दृष्टिमा नै प्रतिवादी बनाउनु पर्ने देखिएको व्यक्तिलाई फिरादीले प्रतिवादी बनाएको नदेखिएको अवस्थामा अदालतबाट आफैं सक्रिय भई अ.वं. १३९ नं. बमोजिम प्रतिवादी बनाउनु पर्ने भन्ने अ.वं. १३९ नं.को अर्थ र प्रयोजन निकाल्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.न. ००७६, कुत दिलाई मोही निष्काशन, *महेन्द्र चौधरी वि. रामलगन सिंह राजपूत*

पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्त नै कानूनप्रतिकूल छ भनी अन्यथा व्यवस्था नभएसम्म मुद्दाको रोहमा संयुक्त इजलासको लागि सो प्रतिपादित सिद्धान्त मान्य हुन्छ । अदालतको प्रतिपादित कानूनी सिद्धान्तको अवलम्बन अन्य सबै अदालत र न्यायिक निकायले गर्नुपर्ने हुन्छ र सो कानूनी सिद्धान्तको बेवास्ता गर्न मिल्ने हुँदैन । तसर्थ भूमिसम्बन्धी ऐन, २०२१ मा २०५३ सालमा भएको चौथो संशोधनपश्चात्को बालीका सम्बन्धमा दावी रहेको प्रस्तुत मुद्दामा २०६१ सालको कुतवाली नबुझाउने मोहीलाई मोही हकबाट निष्काशन गर्दा उक्त बहाल रहेको कानूनको भावना तथा सर्वोच्च अदालतबाट प्रतिपदित सो नजीर सिद्धान्त समेतको विपरीत हुने हुँदा विधिवत कायम रहेको मोहीलाई विवादित जग्गामा मोही हक यथावत हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल फागुन २१ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ००९३, हक कायम, *सुशील श्रेष्ठ समेत वि. रामकृष्ण श्रेष्ठ समेत*

वादी दावीको जग्गाको जग्गाधनी र प्रतिवादी मोही भएकोमा कुनै विवाद नभएको मुख मिलेको देखिएको, प्रतिवादी बाबुकाजीका नाममा दावीको जग्गा दर्ता भइसकेको अवस्था नदेखिएको, पुनरावेदक वादीका बाबु तथा बाजेको साविक लगतबमोजिमको भन्ने कुरा पुष्टि भएको देखिएको, दावीको जग्गा प्रतिवादीले जिकीर लिएबमोजिम अलग-अलग पोता लगतको नभई एउटै पोता लगतको भन्ने देखिएको समेत कारणबाट दावीको कि.नं. ६१८ को जग्गामा दावीबमोजिम ३ भागको २ भाग जग्गा वादीको हक कायम हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : विदुषी रायमाभ्ी
इति संवत् २०६७ साल बैशाख १४ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६३ सालको दे.पु.नं. ००९४ र ००९५, फैसला वदर, *सुशील श्रेष्ठ समेत वि. नारायण महर्जन समेत*को मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६२ सालको फौ.पु.नं. ३३२४, वन क्षेत्रबाट वन पैदावार हटाएको, *नेपाल सरकार वि. जगतनारायण चौधरी समेत*

केवल अभियोग लगाउनु नै फौजदारी मुद्दामा पर्याप्त हुँदैन । यी प्रतिवादीका सँगसाथबाट दशीका सामानहरू बरामद हुन नसकेका, अदालत समक्ष उपस्थित भई वयान गर्दा कसूरमा इन्कार रहेका, अदालतसमक्षको वयानलाई निजहरूका साक्षीले समर्थन गरी बकी लेखाई दिएको, वादी पक्षबाट अभियोग पुष्टि हुने गरी सबूद प्रमाण पेश दाखिल गर्न नसकेको समेतका आधार र कारणबाट यी प्रतिवादीहरूले कसूर गरेको पुष्टि भएको नदेखिँदा सफाइ पाउने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
इति संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गिरीशचन्द्र लाल**, २०६५ CI ००११, घरवास, *गंगानारायण महर्जन वि. जगतकुमार जोशी*

निवेदकले फैसलाबारे थाहा पाउन सक्ने अवस्था हुँदाहुँदै मुनासिवमाफिकको समयभन्दा धेरैपछि थाहा पाएको मितिसम्म कायम गरी निवेदन दर्ता गराएको अवस्थालाई निजले जानी-जानी राम्रो नियत नराखी विलम्ब गरेको मान्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : विदुषी रायमाभ्ी
इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको रिट नं. २८२७, उत्प्रेषण मिश्रित परमादेश, *आनन्दी पन्त समेत वि. शिक्षक सेवा आयोग समेत*

प्रत्यर्थीहरू स्रोत व्यक्तिको रूपमा कार्यरत् रहे पनि स्थायी दरवन्दीको शिक्षक नै भएको र रिट निवेदकहरूले प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनबापतको अङ्क समेत गणना गर्दा बढुवा हुने यी प्रत्यर्थीहरू भन्दा निवेदकहरूले प्राप्त गरेको अङ्क कम नै रहेको अवस्थामा बढी अङ्क पाउने विपक्षीहरूलाई बढुवा गर्ने गरी भएको निर्णय कानूनसम्मत नै रहेको हुनाले निवेदकहरूको हक अधिकारमा आघात पुगेको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सुदिप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल मंसिर २३ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ CI ०६९२, निषेधाज्ञा, *राम श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत*

कानूनबमोजिम गठित प्रहरीको कुनै संगठन वा यसको कुनै पदाधिकारीले कानूनविपरीत वा अधिकारक्षेत्र नभएको विषयमा कसैलाई पक्राउ गर्ने वा थुनामा राख्ने कुरा आउँदैन । निवेदकले आधारहीन आशंका देखाएको आधारमा मात्र निषेधाज्ञा जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : सुदिप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक १२ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ CI ०९०२, निषेधाज्ञा, *मोहन ताजपुरिया वि.दमक नगरपालिका कार्यालय समेत*

जुन जग्गा क्षेत्रको सम्बन्धमा निवेदकले निषेधाज्ञाको माग गरेको छ सो जग्गामा निवेदकको हक भोग वा स्वामित्व नदेखिएसम्म कि.नं. ६६६ को जग्गामा निजले दर्ता गर्न मिल्ने हुँदैन । आफ्नो हक भोग दर्ता तिरोलगायत कुनै पनि स्पष्ट र कानून बमोजिमको प्रमाण निजले पेश गर्न नसकेको अवस्थामा दावीको जग्गा क्षेत्रका सम्बन्धमा हक जाने आशंका भएको सम्झन मिल्ने हुदैन । अचल सम्पत्तिसम्बन्धी आफ्नो वैध हकमा आघात पर्ने तथ्यपूर्ण आशंका देखिन नआएसम्म निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : सुदिप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक १२ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ CI ०६५२, परमादेश, *नेत्ररत्न पाण्डे वि. जिल्ला प्रशासन कार्यालय, बारा समेत*

निवेदन दावीको जग्गा नेपाल सरकारले जुन कार्यका लागि अधिग्रहण गरेको थियो सो काममा प्रयोग नै नभएको अथवा प्रयोग गरी बढी भएको जग्गा हो भन्ने तथ्यको अभाव रहेको साथै अधिग्रहण गरिएको निवेदन दावीका जग्गाहरू उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा स्रेस्ता कायम भएको देखिएको अवस्थामा सो मन्त्रालयलाई निवेदकले विपक्षी बनाउन समेत नसकेको अवस्थामा असम्बन्धित निकाय र अधिकारीलाई विपक्षी बनाएको हुँदा परमादेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : सुदिप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक १२ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ CI ०१६७, परमादेश, *सन्तकुमार बाँडे वि. चन्द्रबहादुर बाँडे समेत*

२०५२ सालको बाली भराई मोही निष्काशन गरिपाऊँ भन्ने मुद्दा दायर भएको लामो

समयसम्म पनि कानूनले निर्णय गर्न तोकिएको भूमिसुधार अधिकारीले हालसम्म निर्णय गरेको नदेखिएको र सोबाट प्रत्यर्थी रिट निवेदकको कानूनप्रदत्त हकमा आघात पर्न गएको स्पष्ट देखिन्छ । यसरी उक्त मुद्दा लामो समयसम्म अनिर्णयको अवस्थामा रही निवेदकको हकमा समेत प्रतिकूल असर पर्न गएको देखिँदा उक्त बाली भराई मोही निष्काशन गरिपाऊँ भन्ने मुद्दामा कानूनबमोजिम तुरून्त कारवाही किनारा गर्नु भनी भूमिसुधार कार्यालय काठमाडौंको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : सुदिप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक १२ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. गौरी ढकाल,** २०६५ सालको २०६५ CI ०२२८, निर्णय बदर *जानकी राम शर्मा बराल वि. दुर्गादेवी राजभण्डारी*

निजी गुठी भनी प्रत्यर्थीका पति लक्ष्मीभक्त राजभण्डारीले विवरण उल्लेख गरी कारवाही चलिरहेकै अवस्थामा आफैंले गुठीको जग्गालाई रैकरमा परिणत गरी हालको वकसपत्रको लिखत समेत गरिदिएको तथ्य जानकारीमा आई गुठीको जग्गा कायम राख्ने उद्देश्यले पूर्ववत रोक्का राख्ने गरी गरेको मा.पो.का. कलंकीको निर्णय कानूनको रोहमा मिलेको देखिदा सो निर्णय सदर हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्पयुटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल बैशाख २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. सुशीला कार्की,** २०६५ WO ००३८, उत्प्रेषणयुक्त परमादेश, *रामचन्द्र तिवारी वि. सविना तिवारी समेत*

दुबै पक्षबीच मेलमिलाप गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालयले रामचन्द्र र सविना तिवारी समेतका बीच सहमतिको कागज गराएको देखिन्छ । उक्त सहमतिको लिखतमा आपसमा मिल्न नसके कानूनी रूपमा टुङ्गो लगाउन सम्बन्धित निकायमा जानु भन्ने शब्द राखिएबाट उक्त कागजले निवेदक रामचन्द्र तिवारीको कानूनी हकमा असर परेको नदेखिने ।

गैरकानूनी धरपकड गरी निवेदकको कानूनी हक प्रचलनमा बाधा पुऱ्याउने स्थितिमा प्रमाणसहित न्यायिक उपचार खोज्न पछि पनि सकिने नै हुँदा तत्काल कुनै आदेश जारी गर्नुपर्ने स्थितिको विद्यमानता नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उद्धव गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल फागुन २८ गते रोज ६ शुभम् ।

३

**मा.न्या श्री कल्याण श्रेष्ठ र मा.न्या. भरतराज उप्रेती,** २०६३ सालको CR ०२७६, जालसाजी, *बलबहादर साह तेली वि. रामखेलाउन कुमहार*

प्रतिवादीले मिलापत्रबाट वादीलाई कि.नं. १७६ को ०-७-४ मध्ये ०-१-० जग्गा दिन खोजेकोमा आफूले प्राप्त गरेको जग्गाधनी प्रमाण पूर्जामा कि.नं. १७९ उल्लेख भई सोही आधारमा भूलबश कि.नं. १७९ लेखिन गएको अवस्था देखिन्छ । यसरी आफ्नो कि.नं. १७६ को जग्गा भएकोमा आफूले प्राप्त गरेको पूर्जामा कि.नं. १७९ उल्लेख भएको कुरा थाहा पाएपछि प्रतिवादी बलबहादुरले भूल सुधार गरिपाऊँ भनी दिएको निवेदनमा पालपोत कार्यालय दाङको निर्णयअनुसार कि.नं. १७९ लाई कि.नं. १७६ कायम गरी भूल सुधार गरेको समेत देखिँदा कित्ता नम्बरको उल्लेखनको सम्बन्धमा उत्पन्न समस्यालाई छुट्टै कानूनी एवं प्रशासनिक उपायबाट समाधान खोज्नु पर्नेमा आफूले छोरा समेतलाई रोहबरमा राखी स्वेच्छाले सही गरी अड्डाबाट भएको मिलापत्रलाई जालसाजी भन्न मिल्ने देखिँदैन । त्यस्तो व्यहोरा

मुलुकी ऐन कीर्ते कागजको ३ नं को परिभाषाभित्र नपर्ने ।
इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६६ साल कार्तिक १७ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६३ सालको CI ०४८०, मिलापत्र वदर, यिनै वादी प्रतिवादीको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

**इजलास नं.७**

१

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या श्री अवधेशकुमार यादव,** २०६१ सालको फौ.पु.नं. ३२१५, अपहेलना, *विश्वनाथ उप्रेती वि. शिवचन्द्र पण्डित, २०६१ सालको फौ.पु.नं. ३३५२, आनन्दराज ढकाल, वि त्रिवेणी दाल एण्ड आयल इण्डष्ट्रिज प्रा.लि.*

जिल्ला विकास समिति बाराका स्थानीय विकास अधिकारीलाई निषेधाज्ञाको आदेश जारी भएको नदेखिएको र निवेदकले विपक्षीतर्फबाट कर लिएको भनिएको रसिदको सक्कल पेश नगरी दुविधापूर्ण रसिदको नक्कल मात्र पेश गरेको समेतका आधार प्रमाणहरूबाट जिल्ला विकास समिति रौतहटका स्थानीय विकास अधिकारी विश्वनाथ उप्रेतीले अदालतको अपहेलना गरेको नदेखिदा निजहरूले अदालतको अपहेलना गरेको नदेखिदा आनन्दराज ढकाल र विश्वनाथ उप्रेतीले सफाइ पाउने ।
इजलास अधिकृत : शिवप्रसाद खनाल
कम्प्युटर : धनबहादुर गुरूङ
इति संवत् २०६६ साल चैत १० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ९६२८, अंश, *दानरत्न बज्राचार्य समेत वि. पुष्परत्न बज्राचार्य समेत*

१९८७ सालमा नै अंश वण्डा भैसकेको स्थितिमा लामो समयको अन्तरालपछि हाल आएर आफ्नो धेरै पुरानो पुर्खाको हाँगाबाट समेत अंश दिलाई पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।
इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : धनबहादुर गुरूङ
इति संवत् २०६६ साल पुस २२ गते रोज ४ शुभम् ।

**इजलास नं. ८**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको RC ००१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि.युवराज ढकाल समेत*

प्रतिवादीहरू युवराज ढकाल तथा परशुराम पौडेलले प्रतिवादी पुष्पा ज्ञवाली समेतसँगको सर-सल्लाहअनुसार मृतक विनोद ज्ञवालीलाई कर्तव्य गरी मारेको तथ्य शंकारहित प्रमाणबाट पुष्टि हुन आएको र आफूउपरको अभियोग खण्डन गर्न नसकी अदालतबाट जारी भएको वारेण्ट म्यादमा समेत हाजिर नभई फरार रहेको देखिँदा निजहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर अपराध गरेको देखिँदा निजलाई अभियोग माग दावीबमोजिम सोही मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।
इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : धनबहादुर गुरूङ
इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको RC ००४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सदानन्द केवट समेत*

प्रतिवादीहरू लक्ष्मीना केवट तथा सदानन्द केवटले प्रतिवादी सन्तोषी केवटसँग मिलेमतो गरी मृतक प्रभावती केवटलाई बिष खुवाई कर्तव्य गरी मारेका तथ्य पुष्टि हुन आएको र आफूउपरको अभियोग खण्डन गर्न नसकी अदालतबाट जारी

भएको वारेन्ट म्यादमा समेत हाजिर नभई फरार रहेको देखिँदा निज प्रतिवादीहरू लक्ष्मीना केवट तथा सदानन्द केवटले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धन बहादुर गुरूङ्ग

इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको RC ००५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.. सुबास पाठक*

प्रतिवादी सुवास पाठकले ब्रम्हदेव पाठकलाई गोली प्रहार गरी कर्तव्य गरी मारी मुलुकी ऐन,ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसूर गरेको देखिँदा निजलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति सम्बत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको RC ००८४, कर्तव्य ज्यान, *नेपाल सरकार वि.. ज्ञानबहादुर पहरी*

मृतक जुनाको मृत्यु कर्तव्यबाट भएको तथ्य स्थापित भएको र वारदात हुँदाका अवस्थामा वारदातस्थलमा मृतक र प्रतिवादीबाहेक अन्य तेस्रो व्यक्तिको उपस्थिति नदेखिएकोले पनि मृतक जुनालाई यी प्रतिवादी प्र. ज्ञानबहादुरले कर्तव्य गरी मारेको होइन कि भनी शंका गर्नुपर्ने ठाउँ देखिएन । यसको अतिरिक्त जाहेरवाला सुवीलाल पहरीको जाहेरी एवं अदालतसमक्षको बकपत्र, प्रतिमान पहरी, हिरे पहरी दानबहादुर पहरी मानबहादुर पहरी समेतको अनुसन्धानको सिलसिलामा भएको कागज तथा अदालतसमक्षको बकपत्रमा प्रतिवादीले कर्तव्य गरी मारेको भन्ने कुरामा शंका एवं विश्वास व्यक्त गरेबाट समेत थप पुष्टि भएको हुँदा मृतक जुना पहरीलाई प्रतिवादी ज्ञानबहादुर पहरीले छातीमा ढुङ्गा प्रहार गरी घाँटीमा डोरीले कसी कर्तव्य गरी मारेको तथ्य स्थापित भएको देखिंदा निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्ण प्रसाद उपाध्याय,** २०६६ सालको साधक नं. ०६६-RC–००४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गुमती गाहा*

सामान्य कुटपीट झगडाको कारण सुती निदाएको आफ्नो लोग्नेलाई बन्चरो जस्तो घातक हतियारले टाउकोमा प्रहार गरी मारेको भन्ने देखिँदा प्रतिवादी गुमती गाहालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ

इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्ण प्रसाद उपाध्याय,** २०६६ सालको RC-००४५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चित्रबहादुर खत्री*

जाहेरवाला कुलबहादुर खत्रीको किटानी जाहेरी दरखास्त, अदालतसमक्षको बकपत्र, घटना हुँदाका अवस्थामा वारदातस्थलमा उपस्थित तुलसा रायमाझीको कागज तथा अदालतसमक्षको बकपत्र तथा स्वयं प्रतिवादी चित्रबहादुरको अनुसन्धान अधिकारीसमक्ष तथा अदालतसमक्ष स्वेच्छाले गरेको साविती वयान समेतबाट मृतक मीना खत्रीलाई प्रतिवादी चित्रबहादुरले घाँटीमा हँसियाले रेटी काटी कर्तव्य गरी मारेको भन्ने देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसूर अपराध गरेको देखिएकोले निजलाई अभियोग

माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ

इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं. ३८४०, उत्प्रेषण, *कुलप्रसाद उपाध्याय वि. कोष तथा लेखा नियन्त्रक कार्यालय समेत*

जयप्रसाद सुवेदीलाई बढुवा गर्ने गरेको बढुवा समितिको निर्णय कायम भएबाट यी निवेदक स्वतः लेखापाल पदबाट हटेको देखिन्छ । त्यसपछि पूर्ववत् सहलेखापाल पदमा कायम रहेको देखिँदा सोहीअनुसार पूर्ववत् सहलेखापाल पदमा पदस्थापन गरिएको कार्यलाई घटुवाको संज्ञा दिन मिल्दैन । पुनरावेदन अदालतको रजिष्ट्रारले गरेको निर्णय सर्वोच्च अदालतको निर्णयबाट बदर भएबाट स्वतः दुई परिणामको सिर्जना भएको छ । पहिलो यी निवेदकको बढुवा वदर भएको र दोस्रो रिट निवेदक जयप्रसाद सुवेदीको बढुवा भएको पदमा जयप्रसाद सुवेदीको पदस्थापन र बहाली भैसकेको छ भने यी निवेदक आफ्नो साविक सहलेखापाल पदमा स्वतः कायम रहेको समेत देखिन्छ । यस्तो अवस्थामा यी निवेदकलाई सहलेखापाल पदमा पदस्थापन गरेको कोष तथा लेखा नियन्त्रक कार्यालय बागलुङको निर्णयसमेतबाट यी निवेदकको मौलिक हकमा आघात पुगेको भन्ने देखिएन । तसर्थ निवेदन मागबमोजिम आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल पुस २८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम**, २०६४ सालको स.फौ.पु.नं.०८१७, जवर्जस्ती करणी, *छविलाल गोपाली वि. नेपाल सरकार*

श्रीमती पोइल गएको कारण करणी गर्न मन लागेकोले गंगामायालाई जंगलमा देखेर निज राम्रोसँग नबोल्ने लाटी भएको कारण यौन सम्पर्क गर्न खोज्दा निजले हुदैन भनेकीले जबर्जस्ती समाती लडाई निजको कम्मरको पटुका तानी मुख थुनी सारी तथा पेटीकोट फर्काई करणी गरेको उल्लेख गरेको देखिन्छ भने अदालतमा वयान गर्दा जाहेरवालीको मञ्जूरीले करणी गरेको हुँ भनी उल्लेख गरेको देखिन्छ । आफूलाई प्रतिवादी छविलाल गोपालले मिति २०६२।१२।१८ गतेका दिन १३.३० बजेको समयमा बज्रबाराही गा.वि.स. वार्ड नं. ९ स्थित फुर्के बसन्तको वनमा पटुकाले मुख थुनी जवर्जस्ती करणी गरेको भनी प्रतिवादीउपर पीडित गंगामाया गोपालीको किटानी जाहेरी परेको देखियो । जाहेरवालीको बाबु पदमबहादुर गोपालीले मेरी छोरीलाई प्रतिवादी छविलालले पटुकाले मुख छोपी जबर्जस्ती करणी गरेका हुन् भनी मौकैमा लेखाएको व्यहोरा समर्थन हुने गरी अदालतमा समेत वकपत्र गरेको छ । जाहेरवालीले अदालतमा उपस्थित भै यी प्रतिवादीले दुबै पाखुरामा समाई लडाई पिसाब फेर्ने ठाउँमा लठ्ठी जस्तोले घोच्यो र पटुकाले मेरो आँखा छोप्यो भनी इशाराले बकी लेखाएको देखिएकोबाट समेत प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साविती वयान समर्थित भैरहेको अवस्था हुँदा जाहेरवालीको मञ्जूरीले करणी गरेको भन्ने देखिन नआउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल पुस २९ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम**, २०६२ सालको फौ.पु.नं. ३४६७, कर्तव्य ज्यान, *टेकबहादुर हाङसुरूम्बा वि. नेपाल सरकार,* २०६५ सालको फौ.पु.नं.३५२ *फूलमाया हाङसुरूम्बा वि. नेपाल सरकार*

प्रतिवादी फूलमाया आफू वारदात मिति र समयमा वारदातस्थलमा उपस्थित रहेको, त्यसपछि

गाउँघर छाडी भारतको सिक्किममा गई बसेको र त्यहीं अर्को विवाह समेत गरेको देखिन्छ । उपरोक्त तथ्यलाई स्वीकार गरी आफूले छुरा प्रहार गरेको भन्ने कुरासम्ममा इन्कार रहेको देखिँदा सो इन्कारी वयानको मात्र आधारमा यी प्रतिवादी निर्दोष रहेको भन्न नमिल्ने ।

आफूले कसूर नगरेको भए आफू म्यादमा हाजिर भई आफ्नो प्रतिरक्षा गर्नसक्नु पर्नेमा त्यसो गर्न सकेको समेत पाइएन । त्यसै गरी ठोस सबूद प्रतिवादीले पेश गर्न र निजको विरूद्धमा रहेको प्रमाणहरूको खण्डन गर्न सकेको समेत देखिएन । यस्तो अवस्थामा निजले अभियोग दावीबमोजिमको कसूर गरेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

फूलमायाले गरेको छुरी प्रहारबाट ज्यान मारेको भए तापनि सो वारदातका यी प्रतिवादी टेकबहादुरले कारणको सिर्जना गरी संयोग पारिदिएको भन्ने देखिन आएको छ । यस्तो अवस्थामा यी प्रतिवादी टेकबहादुर हाङसुरूङबालाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम कैद वर्ष ५ हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल पुस २९ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०२३०, अंश चलन, *बुद्धमाया खड्का वि. बिनीता खड्का समेत*

सँगोलको सबै अंशियारको हक लाग्ने जग्गा पुनरावेदक बुद्धमायाले बकसपत्रबाट प्राप्त गरेको देखिए पनि सगोलकै अंशियारका नाउँमा कायम रहेको देखिदा त्यस्तो व्यवहार र लिखत वदर गराइरहनु पर्ने देखिँदैन । बुद्धमाया खड्का नाउँ दर्ताको किनं. ६३२ को ०-९-० जग्गा सगोलमा रहेको मान्नुपर्ने हुँदा त्यसबाट समेत वादीले अंश पाउने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल माघ १३ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की** २०६२ सालको दे.पु.नं. ८७०३, अंश चलन, *पूर्णबहादुर के.सी.वि. कान्छीमाया के.सी. (खत्री) समेत,* २०६२ सालको दे.पु.न. ८७०९, *कान्छीमाया के.सी. वि. पूर्णबहादुर के.सी. समेत*

विवादित कि.न.. ७७८ को जग्गा मिति २०४६।२।२३ मा र.नं. ७५७९ बाट शंखरनारायण श्रेष्ठबाट रिझबापत हालैको बकसपत्रबाट वादी शान्ति के.सी.ले प्राप्त गरेको देखिन्छ भने कि.न.. १६५० को जग्गा र.न.. ४४६ बाट मिति २०५४।७।२८ मा प्रतिवादीका मितभाई हितबहादुर मगरले रिझबापत हालैको बकसपत्र गरिदिएको देखिन आयो । मुलुकी ऐन अंशवण्डाको महलको १८ नं. ले कुनै अंशियारले आफ्नो ज्ञान, सीप वा प्रयासबाट निजी आर्जन गरेको वा निजी तवरले दान वा बकस पाएको सम्पत्ति वण्डा गर्न कर नलाग्ने भन्ने कानूनी व्यवस्था गरेको छ । प्रतिवादी शान्ति के.सी. ले प्राप्त गरेको उक्त दुबै कित्ता जग्गाहरू अंशियारबाट पाएको वा साविकमा पैतृक सम्पत्ति रहे भएको समेत देखिँदैन । आफ्नो अंशियार वा परिवारका सदस्यबाहेकका व्यक्तिबाट हालैको बकसपत्रबाट प्राप्त गरेको देखिँदा त्यस्तो उनाउ व्यक्तिबाट बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति अंशवण्डाको १८ नं. को कानूनी व्यवस्थाले निजी आर्जनको सम्पत्ति हुन्छ । त्यस्तो सम्पत्तिबाट अरू अंशियारलाई वण्डा गर्न कर नलाग्ने हुँदा बकसपत्रबाट प्राप्त गरेको कि.नं ७७८ र १६५० को जग्गाबाहेक गरी अन्य तायदातीमा उल्लिखित सम्पत्तिबाट अंश पाउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल माघ १३ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको दे.पु.नं ९०८८, अंश दर्ता, *अलि हुसेन मियाँ वि. लाल मोहम्मद मियाँ समेत*

बाबुकै हाँगाको अंशियारहरू बीच अंश वण्डा हुन बाँकी रहेको देखिएको अवस्थामा निजहरूलाई समेत समावेश गरी वादीका बाबु जुमनको अंश भाग छुट्याई सो मध्येबाट वादी दावीबमोजिम प्रतिवादीहरूबाट अश पाउने ।
इजलास अधिकृत : हरिराज कार्की
इति संवत् २०६६ साल फागुन ५ गते रोज ४ शुभम् ।
यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप फैसला भएका छन्:

- २०६१ सालको दे.पु.नं. ९०८३, अंश दर्ता, *नसरूल मियाँ वि. फुदन मियाँ समेत*
- २०६१ सालको दे.पु.नं. ९०८४, लेनदेन, *नसरूल मियाँ समेत वि. मासुल मियाँ*

## इजलास नं. ९

१

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या. श्री रणबहादुर बम,** २०६४ साल WO ०९९६, उत्प्रेषण मिश्रित परमादेश, *चित्रराज गिरी वि. गुठी संस्थान समेत*

धार्मिक, सांस्कृतिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण राजगुठीअन्तर्गतका मठको विकास, संरक्षण, संवर्द्धन गर्ने दायित्व गुठी संस्थानको हुने कुरामा विवाद नहुँदा सो प्रयोजनको लागि ग्वालदह मठको विकास, संरक्षण र व्यवस्थापन तथा सञ्चालनको लागि योग्य व्यक्तिको चयन गर्नु गुठी संस्थानको कर्तव्य हो । मठ सञ्चालनको लागि साविकका महन्त, पुजारी, गुठियारमध्येका प्राथमिकताको आधारमा योग्य व्यक्ति छानबीन गरी सिफारिश गर्न कानूनले दिएको अधिकार प्रयोग गरी उपसमिति गठन गरी सो उपसमितिको सिफारिशमा गोपाल गिरीलाई महन्तमा नियुक्ति गरेको काम कारवाहीलाई ठाडै कानूनविपरीत र अनधिकृत भन्न मिलेन । मठ सञ्चालन गर्न को सक्षम छ भन्ने कुरा सो मठका गुठियार, समाजका भद्रभलाद्मी, मठको पूजा आजामा सरिक हुने आस्थावान व्यक्तिलाई बढी जानकारी हुने हुँदा त्यस्ता व्यक्तिहरूको राय सिफारिशमा गरिएको नियुक्तिमा कुनै त्रुटि नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल चैत १ गते रोज १ शुभम् ।

२

**मा.न्या. कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ CR ०३५६, कर्तव्य ज्यान, *निमा शेर्पा वि. नेपाल सरकार*

प्रतिवादी निमा शेर्पाले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(१) अन्तर्गतको कसूर गरेको देखिँदा प्रतिवादी निमा शेर्पालाई ऐ १३ (१) नं. बमोजिम सजाय गरिपाऊँ भनी अभियोग मागदावी भएकोमा यी प्रतिवादी निमा शेर्पाबाट १५ वर्ष ३ महिनाको उमेरमा अपराध गरेको देखिएकाले निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) मा भएको व्यवस्था ( १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ) अनुसार प्रतिवादी निमा शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) अनुसार हुने सजायको आधा १० वर्ष कैद हुने ।
इजलास अधिकृतः उद्धव गजुरेल
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ३५२९, लिखित गाली बेइज्जती, *थकदेवी छन्त्याल वि.बलीमाया छन्त्याल समेत*

नारीको सतित्व र अस्मिता सामाजिक अनुशासन पनि हो । यो सदैव उच्चस्थान र मर्यादामा रहेका हुन्छ । मर्यादा उल्लंघन नगरेको अवस्थामा कुनै व्यहोराबाट आक्षेप लगाइन्छ भने लगाइएको आक्षेप सबूद प्रमाणद्वारा पुष्टि गरी प्रमाणित गराउन असमर्थ हुने व्यक्ति दण्डको

भागीदार भई दाण्डिक दायित्वबाट उन्मुक्ति पाउन सक्ने अवस्था हुँदैन । प्रतिवादीहरूले वादीको इज्जत, मान, प्रतिष्ठामा आघात पुग्ने गरी रामबहादुर बि.क.सँग करणीमा बिग्री पोइल गएकी भनी अंश मुद्दा तथा गाली बेइज्जती मुद्दामा फिराएको प्रतिउत्तर लेखको व्यहोराबाट स्पष्ट देखिएको हुँदा प्रतिवादीहरूले लिखित गाली बेइज्जती गरेको ठहरेको हुँदा गाली र बेइज्जती ऐन, २०१६ को दफा ५ बमोजिम प्रतिवादीहरूलाई रू. ५०००।- जरीवाना हुने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल माघ २० गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ८५७३, अंश, *थकदेवी छन्त्याल वि. खिमबहादुर छन्त्याल समेत*

नाता सम्बन्धमा नै स्वीकार नगरेका यी प्रतिवादीहरूले वादीलाई अघि नै अंश दिइसकेका छन् भनी अनुमान गर्नु समेत न्यायसंगत देखिन आउदैन । अर्कोतर्फ अंश दिई सकेको छु भन्ने प्रतिवादी पक्षको प्रतिवाद पनि छैन । अंशवण्डा छुट्टिएको आधिकारिक लिखित प्रमाण समेत नहुँदा वादी वैवाहिक सम्बन्धपश्चात् अनवरत् रूपमा आफ्नो लोग्नेको सतित्वमा रहे भएको पुष्ट्याई हुन आएको तथा वादी प्रतिवादीहरू सगोलको अंशियार भएकोमा शंकासम्म गर्न पर्ने अवस्था नहुँदा वादीले प्रतिवादीहरूबाट अंश छुट्याई लिन पाउने ।

इजलास अधिकृत : दीपक ढकाल

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल माघ २० गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको फौ.पु.न. ३५३०, गाली बेइज्जती, *थकदेवी छन्त्याल वि. सतीमाया छन्त्याल* समेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** सालको दे.पु.नं. ०५८३, निर्णय दर्ता वदर, *जंगीलाल श्रेष्ठ वि. प्रदीप ज्वालानन्द राजोपाध्याय*

जग्गा जस्तो साम्पत्तिक हकलाई पुष्टि हुने पर्याप्त प्रमाण हुनु पर्दछ । वादीले आफ्नो दावी पुष्टि गर्ने गरी वस्तुनिष्ठ ठोस प्रमाण पेश गर्न सकेको तथा मिसिल संलग्न प्रमाणबाट समेत उनको दावी प्रमाणित नभएको अवस्थामा केवल फिल्डबुकमा किसानले उल्लेख गरेको व्यहोराकै आधारमा निजको हक पुग्न नसक्ने भै जंगीलाल श्रेष्ठको कायम हुने ।

यसमा यसै लगाउका यिनै वादी र प्रतिवादी भएका निम्न मुद्दाहरूमा यसैअनुरूप फैसला भएका छन्:

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

इति संवत् २०६६ साल चैत १० गते रोज ३ शुभम् ।

- २०६५ सालको दे.पु.नं. ०५८४, लिखत दर्ता वदर,
- २०६५ सालको दे.पु.नं. ०५८५, हक कायम समेत,
- २०६५ सालको दे.पु.नं ०५८६ र ०५८७ लिखत दर्ता वदर

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं. ००५०, घर उठाई, जग्गा खिचोला चलन, *प्यारी देवी समेत वि. रितलाल साह तेली समेत*

अंश मुद्दामा अदालतबाट वण्डापत्र हुँदैमा अर्काको हकभोगको जग्गा समेत आफ्नो हुने भन्ने प्रतिवाद जिकीर पत्यारलाग्दो देखिएन । आफ्नो हक भोगमा रहेको विवादित जग्गामा प्रतिवादीहरूले जबर्जस्ती मिची मिति २०६०।४।४ मा फूसको घर बनाएका भनी दिएको फिराद मुलुकी ऐन जग्गा मिच्नेको महलको ११ नं. को हदम्याद एक वर्षभित्रै परेको देखिँदा विवादित जग्गामा प्रतिवादीहरूले बनाएका छाप्रा हटाई वादीले चलन चलाई पाउने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा यसैअनुरूप फैसला भएका छन्:

- २०६६ सालको दे.पु.नं. ००४०, जालसाजी, *प्यारी देवी समेत वि. सुनैना देवी समेत*
- २०६६ सालको फौ.पु.नं. ००४९, फैसला वदर बण्डा वदर, *प्यारी देवी समेत वि. सुनैना देवी समेत*

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०४७२, अंश दर्ता दपोट, *दीलकुमारी आचार्य वि. टंकबहादुर आचार्य समेत*

प्रमाणमा रहेको २०५२ सालको वादी काजीबहादुर आचार्य र प्रतिवादी टंकबहादुर आचार्य समेत भएको अंश दर्ता मुद्दाबाट चारजना छोराहरू क्रमशः दानबहादुर नन्दबहादुर, टंकबहादुर र काजीबहादुर मात्र अंशियार कायम भै निजहरूका बीच २०२४ सालमा नै घरसारमा अंशवण्डा भै आ-आफ्नो व्यवहार सञ्चालन गरी आएको देखिएका आधारमा वादी दावी पुग्न नसक्ने ठहरी अन्तिम भै बसेको पाइयो । उक्त मुद्दाका वादी तथा प्रतिवादीहरूले सो मुद्दामा यी पुनरावेदिकालाई अंशियार देखाएको पाइएन । यसरी प्रस्तुत मुद्दाको पुनरावेदिका वादी समेत अंशियार रहेकी र निजलाई अंशियार नदेखाई दाजुभाइहरूले एक आपसमा मुद्दा गर्दा निजको हकमा प्रतिकूल असर परेको भए एकाघर दाजुसँग बसेकी वादीले मुलुकी ऐन, अ.वं. ८६ नं. बमोजिम उक्त फैसला वदर गराई आफ्नो हकाधिकार स्थापित गराई राख्नुपर्नेमा त्यसतर्फ यी वादीको कुनै दावी नै नरही उक्त फैसला अन्तिम भई बसेको अवस्थामा पुनरावेदिका वादीलाई प्रस्तुत मुद्दाको रोहबाट अंश पाउने भनी कानूनले मद्दत गर्न सक्ने स्थिति नदेखिने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको २०६५ सालको दे.पु.नं. ०४७३, लिखत दर्ता वदर दर्ता, यिनै वादी प्रतिवादी समेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३-CR-००५९, अदालतको अपहेलना, *दुर्गादेवी अर्याल वि. जयन्ती लम्साल समेत*

बाटो कायम चलन मुद्दामा काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाले निवेदिकाले जिती पाएको बाटोको भोगचलनमा बाधा अवरोध नगर्नु भनी पुनरावेदन अदालतबाट निषेधाज्ञा जारी भएको र विपक्षीले काठमाडौं जिल्ला अदालतको फैसलाले जिती पाएको १ आनाभन्दा बढी करीव ३ आना जग्गा बाटोको लागि छाडेको छ भन्ने पुनरावेदन अदालत पाटनमा चढाएको लिखित जवाफ समेतबाट देखिएको र सो कुरालाई यी पुनरावेदिकाले अन्यथा हो भनी खण्डन गर्न नसकेको स्थितिलाई मध्यनजर गर्दा विपक्षीहरूले अदालतको गरिमामा आँच आउने गरी अदालतको आदेशको उल्लंघन गरी अदालतको अपहेलना गरेको भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : उद्धव गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल जेठ २० गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ WO ५५१, उत्प्रेषण परमादेश, *मञ्जू श्रेष्ठ चापागाई, वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*

श्रम तथा रोजगार प्रवर्द्धन विभागको पत्रले र पछि पुनः ललितपुर जिल्ला अदालतको च.नं. ३६८७ मिति २०६०।१।३० को पत्रले कि.नं. ५१ को जग्गा रोक्का रहेको मिसिल संलग्न कागजातबाट देखियो । सरकारी आधिकारिक निकाय र अदालत समेतको पत्रबाट रोक्का रहेको देखिँदा सो रोक्काबाट निवेदकको संवैधानिक हकमा आघात पर्‍यो भन्न नमिल्ने ।

इजलास अधिकृत : उद्धव गजुरेल

इति संवत् २०६७ साल जेठ २० गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री मोहन प्रकाश सिटौला र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ CR ०३०६, कर्तव्य ज्यान, नेपाल सरकार वि. भक्त बहादुर बोहरा समेत, २०६४-CR-०७४४, *भक्तबहादुर बोहरा समेत वि. नेपाल सरकार*

कुटपीटको वारदात नै नभएको र रोगका कारण मृतकको मृत्यु भएको हो भन्ने प्रतिवादीहरूको इन्कारी बयान स्वतन्त्र प्रमाणहरूबाट परिपुष्टि भएको र सो इन्कारी बयान खण्डन गर्ने कुनै प्रमाण वादी पक्षबाट पेश हुन सकेको छैन । केवल अभियोग लगाउनु मात्र कसूर स्थापित हुने आधार होइन । कर्तव्य ज्यान जस्तो जघन्य फौजदारी मुद्दामा प्रतिवादीहरू उपर लगाइएको कसूर प्रमाणित गर्ने भार वादीको हो । यो फौजदारी न्यायको आधारभूत सिद्धान्त पनि हो । मनोगत विश्लेषणबाट अनुमानको भरमा मात्र कसैलाई कुनै फौजदारी कसूर गरेको ठहर गर्न सकिँदैन । शरीरमा रोग लागी सोही रोगको कारण मृत्यु भएको प्रमाणित भइरहेको अवस्थामा शंका र अनुमानको आधारमा प्रतिवादीहरूलाई अपराधी घोषित गर्नु भनेको फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल जेठ १० गते रोज शुभम् ।

९

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको फौ.पु.नं. ३४४२, लुटपीट, *सत्यनारायण राय यादव समेत वि. मौजेलाल महतो कोइरी*

फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुने प्रमाण ऐन, २०३१ को दफा २५ को प्रावधान छ । सोअनुरूप दावी प्रमाणित गर्न नसक्ने वादीलाई कानूनले मद्दत गर्न सक्तैन । वादी, निजका छोरा र प्रमाणका मानिसहरू घाइते भई उपचारमा गएको अवस्थामा लुटपीटको वारदात घटित भएको भनी फिरादमा उल्लेख छ भने सोही प्रमाणका मानिसहरूले वारदात देखेको भनी बकपत्र गरेको देखिँदा फिराद दावी र बकपत्र आपसमा विरोधाभाषपूर्ण रहेको देखियो । त्यस्तो विरोधाभाषपूर्ण प्रमाण स्वीकारयोग्य नहुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम् ।

१०

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०६४ सालको दे.पु.नं.६०२, माना चामल, *रश्मी भट्टचन समेत वि. रमेश भट्टचन समेत*

प्रतिवादीको वास्तविक आयस्रोतको पुष्ट्याइको अभावमा पुनरावेदन अदालतबाट भराई दिने ठहर गरेको माना चामलको रकम अपुग भयो भन्ने एकमात्र कथनलाई आधार बनाई लिएको पुनरावेदन जिकीरको आधारमा थप माना चामल दिलाउनु पर्ने अवस्था देखिएन । तसर्थ प्रतिवादीबाट वादीहरूलाई मासिक रू.७,०००।- माना चामलवापत भराई दिनुपर्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल कात्तिक ४ गते रोज ४ शुभम् ।

११

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको दे.पु.नं ३०६२, आयकर, *डा.जे.घोष वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं*

करदाताले कर्मचारीहरूलाई बोनसवापत छुट्याई वितरण हुन बाँकी रकम आफूले उपभोग गरेको वा त्यसबाट प्रत्यक्ष लाभ लिएको नदेखिएको र कर्मचारीहरूलाई भुक्तानी दिनुपर्ने कानूनी दायित्वअन्तर्गतको रकम भई पछिल्लो आ.व.मा कर्मचारीहरूलाई paid/adjust भुक्तानी भई सकेको देखिदा उक्त बोनस रकमलाई खुद आयमा समावेश गरेको राजश्व न्यायाधीकरणको फैसला कानूनसंगत नहुँदा उक्त फैसला केही उल्टी भई कर्मचारीलाई भुक्तान हुन बाँकी बोनस रकम रू. ३४,५०५।- खुद आयमा समावेश हुँदा मुख्य कार्यालय खर्च Head Office Expenses बापत कूल बीमा प्रिमियमको ५ प्रतिशतले खर्च मिनाहा पाउनु पर्नेमा ३.५ प्रतिशत

मात्र खर्च मिनाहा दिएको राजश्व न्यायाधिकरण काठमाडौंको फैसला केही उल्टी भई कूल बीमा प्रिमियमको ५ प्रतिशतले हुने रकम खर्च मिनाहा पाउने ठहर्छ । साथै कर्मचारीलाई भुक्तानी हुन बाँकी बोनस रकमलाई खुद आयमा समावेश गरेको राजश्व न्यायाधिकरणको फैसला केही उल्टी भई उक्त रकम खुद आयमा समावेश हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०६६ साल फागुन १० गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको दे.पु.न.. ३०६३, आयकर, *डा.जे.घोष वि. आन्तरिक राजश्व कार्यालय काठमाडौं*को मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१२

**मा.न्या.गिरीशचन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की,** २०६५-WO–०१६७, उत्प्रेषण समेत *नीमा लामा ह्याल्मो समेत वि. प्रधानमन्त्री तथा प्रधानमन्त्रीको कार्यालय समेत*

एउटै जाति परम्परा मान्ने सो जातिलाई कुनै ठाउँमा ह्याल्मो र कुनै ठाउँमा योल्मो भन्ने गरेको एवं सोहीअनुसार लेख्ने समेत गरेकोले त्यसमध्येको एउटा लेखाई ठीक र अर्को लेखाई बेठीक छ भन्ने कुरालाई उचित भन्न सकिने अवस्था भएन । ठाउँअनुसारको उच्चारण भेदको कारणले कहीं ह्योल्मो र कहीं योल्मो भन्ने गरेको हुनाले र आआफ्नो लेखाई तथा उच्चारणमा दुबै पक्ष अडिग समेत देखिएको हुनाले एक प्रकारको लेखाइलाई शुद्ध र अर्कोलाई अशुद्ध भन्न न्यायोचित नहुने ।

नेपाल ह्योल्मो समाज सेवा संघ नामको संस्था विधिवत् दर्ता भैसकेपछि विधान तथा प्रचलित कानूनबमोजिम संस्थाको नाम परिवर्तन गर्न पाउने भए वा गर्नुपर्ने भए अरू कुनै संस्थाले नभई स्वयं सोही संस्थाले नाम परिवर्तनको प्रक्रिया अगाडि बढाउनु पर्ने ।

प्राकृतिक न्यायको सिद्धान्तअनुसार कुनै पनि निर्णय वा आदेशले प्रत्यक्ष असर पर्ने पक्षलाई आफ्नो कुरा भन्न पाउने अधिकार रहने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको रिट निवेदन नं. ९३०, प्रतिषेध समेत, *उदय बराल वि. अमृतबहादुर कार्की समेत*

महानगरीय प्रहरी परिसर हनुमान ढोकाले यी निवेदकलाई खोजी गरी पक्राउ गर्न लागेको भन्ने निवेदकको भनाइले नै निजलाई उक्त विभागसमक्ष उपस्थित गराउन खोजेको भन्ने देखिएको अवस्था छ । यी निवेदकले उक्त विभागमा उपस्थित भई आफ्नो भएको व्यहोरा भन्न सक्ने र निजको व्यहोरा समेत सुनी उक्त विभागले काननूनबमोजिम कारवाही गर्नसक्ने हुँदा उक्त विभागको कानूनबमोजिमको कार्यलाई यस अदालतको रिट क्षेत्राधिकारबाट पहिले नै हस्तक्षेप गर्नु उपयुक्त हुने देखिँदैन । कारवाहीको सिलसिलामा कुनै कानूनविपरीतको कार्य भएमा त्यसको कानूनी उपचार खोज्नसक्ने हक अधिकार यी निवेदकसँग सुरक्षित नै रहेको अवस्था समेत हुँदा विपक्षीहरूको नाममा कारण देखाउ आदेश जारी गरी निजहरूबाट लिखित जवाफ मगाई रहनु नपर्ने ।

इजलास अधिकृतः श्रीप्रसाद उप्रेती

इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

२.

**मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको रिट निवेदन न.९२५, उत्प्रेषण मिश्रित परमादेश, *रामसगर देवी वि. राम सिकिल साह सुडी समेत*

निवेदकले कानूनी व्यवस्थाबमोजिम वैकल्पिक उपचारको मार्ग अवलम्बन गरिसकेको एवं प्रत्यक्ष कानूनी त्रुटि भएको जिकीर समेत लिन नसकेको अवस्था देखिँदा अदालतले आफ्नो सामान्य प्रक्रियाबमोजिम गरेको काम कारवाहीलाई प्रत्यक्ष असर पर्ने गरी यस अदालतको रिट क्षेत्राधिकारको प्रयोग हुन सक्ने अवस्था देखिएकोले विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ मगाई रहनु नपर्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

# सर्वोच्च अदालत गतिविधि

**सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले संवैधानिक कानून व्यवसायी मञ्चद्वारा मिति २०६७ साउन १ गते आयोजित "नयाँ संविधानमा संवैधानिक अदालत वा वेञ्च" विषयक एकदिवसीय गोष्ठीमा दिनु भएको मन्तव्य**

**यस कार्यक्रमका अध्यक्षज्यू,**
**सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू,**
**संविधानसभा, संवैधानिक समितिका माननीय सभापतिज्यू,**
**संविधानसभाका माननीय सभासदज्यूहरू,**
**पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीश एवं न्यायाधीशज्यूहरू,**
**माननीय जिल्ला न्यायाधीशज्यूहरू,**
**वरिष्ठ अधिवक्ताज्यूहरू,**
**नेपाल बार एशोसिएसनका अध्यक्षज्यू,**
**सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्षज्यू,**
**संवैधानिक कानून व्यवसायी मञ्चका पदाधिकारीज्यूहरू,**
**विद्वान कानून व्यवसायी मित्रहरू,**
**पत्रकार बन्धुहरू,**
**भद्र महिला तथा सज्जनवृन्द !**

सर्वप्रथम संवैधानिक कानून व्यवसायी मञ्चद्वारा आयोजित आजको यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा आमन्त्रण गरी आफ्नो मन्तव्य समेत राख्ने अवसर दिनु भएकोमा आयोजकज्यूहरू प्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मुलुक अहिले नयाँ संविधान निर्माणमा जुटिरहेको विषयमा हामी सबै बिदीतै छौ । पुरानो पद्दति, मूल्य र मान्यतालाई प्रतिस्थापन गरी एक्काइसौं शताब्दीमा विकसित नविनतम् मूल्य र मान्यतामा आधारित जनचाहना अनुरूपको लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्ने दिशामा हाम्रा सम्पूर्ण प्रयासहरू केन्द्रीत भएका छन् । नेपाल अहिले संविधान निर्माण गर्ने संसार कै सर्वोत्कृष्ट लोकतान्त्रिक अभ्यासको रुपमा परिचित आफ्नो संविधान जनता आफैंद्वारा निर्वाचित प्रतिनिधिहरुद्वारा गठित संविधान सभामार्फत् निर्माण गर्ने प्रक्रियामा रहेको छ । संविधान निर्माणको यो प्रक्रियामा रहिरहँदा राज्यको भावी शासकीय स्वरुप, राज्य र जनताबीचको सम्बन्ध, त्यस्तो सम्बन्ध नियमन गर्ने निकायको रुपरेखा आदि बारे गम्भीर छलफल र चिन्तन हुनु स्वाभाविक छ र यस्तो हुनु पनि पर्दछ । बिज्ञ समूहको हैसियतमा संबैधानिक कानून व्यावसायी मञ्चले भावी संविधानमा स्वतन्त्र न्यायपालिकाको रुपरेखालाई लिएर आयोजना गरेको यो कार्यक्रम अत्यन्त समसामायिक र महत्वपूर्ण छ भन्ने मैले ठानेको छु ।

नेपालको संवैधानिक इतिहास धेरै लामो नभए पनि करीव छ दशकभित्रै पाँचवटा संविधानहरू बदलिई सकेका छन् । हालको संक्रमणकालमा छैटौं संविधानको रुपमा नेपालको अन्तरिम संविधान, २०६३ क्रियाशील छ । अब मुलुक सातौं संविधान निर्माणको चरणमा प्रबेश गरेको छ । तर राज्यको शासकीय स्वरुप, प्रान्त विभाजनको आधार र रुपरेखा, केन्द्र र प्रान्तको बीचमा अधिकारको बाँडफाँड र आपसी सम्वन्ध, जनता र राज्यबीचको सम्बन्ध, त्यस्तो सम्बन्धको नियामक संस्थाको प्रकृति र तिनको योगदानको बारेमा अझै पनि आधारभूत नीतिगत स्पष्टता प्राप्त हुन बाँकी नै छ । यस विषयमा देशको धरातलीय यथार्थ, शासकीय प्रबन्ध र जनताको नैसर्गिक चाहनाको समायोजनका सन्दर्भमा राजनीतिक क्षेत्रले स्पष्ट परिदृश्य कोर्न अति आवश्यक छ । यी सबै आधारभूत विषयहरुमा शीघ्र स्पष्टता कायम भई संविधानको निर्माणले गति लिनेछ भन्ने आशा प्रकट गर्दछु ।

निश्चय पनि जनताको नैसर्गिक चाहनाहरूको सम्बोधन हरेक संविधान निर्माणको प्रक्रियामा प्राथमिक महत्वको विषय हुन्छ । त्यसैले अब वन्ने संविधानमा देशको अखण्डता, स्वतन्त्र पहिचान, सार्वभौमसत्ता, स्थायीत्व र विकासका नैसर्गिक आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर जनता-जनताबीच सौहार्द्रता बढाउने, मुलुकमा व्याप्त गरीबी निवारण गर्ने लक्ष्यका साथ शान्ति र विकासको स्पष्ट परिदृश्य र परिलक्ष्य किटान गरिनु पर्छ भन्ने मेरो मान्यता छ ।

इतिहासको विविध कालखण्डमा नेपाली जनताले जस्तोसुकै कठोर र अलोकतान्त्रिक शासन व्यवस्था व्यहोरेको भए पनि विगत ६० वर्षदेखि हालसम्म नै संविधानका माध्यमबाट मात्रै शासन व्यवस्था सञ्चालित हुनुपर्छ भन्ने तथ्यमा अविचलित आस्था प्रकट गरेका छन् र संविधान सभाको गठन जनताको यही आस्थाको जगमा प्राप्त महत्वपूर्ण

उपलब्धि हो । त्यसैले संविधानसभाको माध्यमबाट संविधान निर्माण गर्ने नेपाली जनताको चाहना भित्र हिजोको भन्दा बढी खुला, पारदर्शी र उत्तरदायी राज्यप्रणालीका साथै दीगो शान्ति, स्थायित्व र विकास जस्ता नैसर्गिक आवश्यकताहरू समेटिएका छन् । लोकतन्त्रका सर्वेसर्वा मालिक जनता नै भएकाले जनताको भूमिका र अधिकारहरूको अवमूल्यन गर्ने कुनै पनि प्रणाली लोकतान्त्रिक हुन सक्दैन भन्ने कुरामा दुईमत छैन । तर संविधान निर्माणको सिलसिलामा हामीले विर्सन नहुने कुरा के छ भने संविधान केवल काला अक्षरले भरिएको पुस्तकमात्र होइन, यो जनता र राष्ट्रको प्रगति एवं सुशासनको अभेध्य अस्त्र पनि हो । त्यसैले यो हाम्रो जीवनशैलीको अभिन्न अंगका साथै जस्तोसुकै व्यवधानहरूलाई पनि शान्तिपूर्ण निकास दिनसक्ने अचूक साधन बन्न सक्नुपर्दछ र यो दीगो एवं स्थायी पनि हुनुपर्दछ । संविधानको वस्तुनिष्ठ एवं इमानदार कार्यान्वयनबाट जस्तासुकै समस्याहरू पनि हल हुन सक्ने तथ्य समुन्नत लोकतान्त्रिक मुलुकहरुको अभ्यासबाट स्थापित भइसकेको छ । साथै संवैधानिक प्रणालीको सफल र प्रभावकारी सञ्चालन संविधानमा व्यवस्थित निकाय र संयन्त्रहरुको भूमिका र क्षमतामै निर्भर रहने कुरा हो । यसैको लागि स्वतन्त्र न्यायपालिका लगायत अन्य संयन्त्रहरूको व्यवस्था गरी शक्ति पृथकीकरण र नियन्त्रण एवं सन्तुलनको सिद्दान्तको विश्वव्यापी मान्यतालाई संविधानमा व्यवस्थित गर्नु परेको हो ।

लोकतान्त्रिक मूल्य र मान्यताको प्रवर्धनका लागि समग्र संवैधानिक प्रणालीको सन्तुलन चक्रको रुपमा न्यायपालिकाले खेल्ने महत्वपूर्ण भूमिकाको बारेमा यो विद्वत समुदायसमक्ष मैले भनिरहनु पर्छ जस्तो लाग्दैन । जनताका मौलिक हक एवं मानव अधिकार र विधिको शासन जस्ता लोकतान्त्रिक प्रणालीका आधारभूत मान्यताहरुको संरक्षणमा मात्र होइन, स्वंय लोकतान्त्रिक प्रणालीलाई दीगो र चिरस्थायी बनाउन पनि न्यायपालिकाको भूमिका महत्वपूर्ण रहेको हुन्छ ।

ज्यादै छोटो र थोरै शव्दमा लेखिएको संविधान भएर पनि अमेरिकामा २०० वर्षभन्दा बढी समय एउटै संविधान निरन्तर जीवित रहनुमा त्यहाँको न्यायपालिकाको योगदान संसारका लागि स्मरणीय छ । व्यवस्थापिका वा कार्यपालिका वहुमतको उन्मादमा रमाउँदा होस् वा अस्थिरताबाट गुज्रिरहँदाको परिस्थितिमा होस्, न्यायपालिकाले संयम, धैर्यता, स्थीरता समुचित निकास दिएका थुप्रै उदाहरणहरू छन् । संसारभर स्वतन्त्र र सक्षम न्यायपालिकालाई लोकतन्त्रको आधारशीलाको रुपमा लिएको पनि न्यायपालिकाको यही चरित्र, यही विशिष्टता र यही भूमिकाले गर्दा हो ।

राज्यका अन्य अंगहरुबाट लोकतान्त्रिक मूल्य र मान्यताहरुमा प्रहार भएका धेरै उदाहरण पाइएला, तर न्यायपालिका सधैँ संविधान, लोकतान्त्रिक मूल्यमान्यता र विधिको शासनबाट निर्देशित रहिरहेको हुन्छ । नेपालकै सन्दर्भमा पनि वि.सं.१९९७ साल असार १२ गतेको सनदले १९९७ साल साउन १ गतेदेखि कार्यपालिकाबाट छुट्टिई बेग्लै अस्तित्व कायम गरेको अवस्था र वि.सं.२००७ सालपछि स्वतन्त्र न्यायपालिकाको अवधारणाले मूर्तरुप पाएको अवस्थालाई हेर्दा कहिले शासन प्रणालीमा भएको परिवर्तन र कहिले सरकारका विभिन्न अङ्गहरू बीचको शक्ति प्रतिस्पर्धाको कारण उत्पन्न धेरै आरोह-अवरोह व्यहोर्नु परे पनि मूलरुपमा लोकतन्त्र, मानव अधिकार र विधिको शासनका पक्षमा न्यायपालिकाले अविछिन्न रुपमा आफ्नो अटल आस्था व्यक्त गरी आएको इतिहास साक्षी छ । विगत दशवर्षको द्वन्दको बेलामा र हालको संक्रमणकालमा पनि न्यायपालिकाले आफ्नो जिम्मेवारी दृढतापूर्वक निर्वाह गरिआएको तथ्य जगजाहेर छ ।

न्यायपालिकाले निर्वाह गरिआएको भूमिकाको समुचित मूल्याङ्कन गरेर मात्रै आजको कार्यक्रममा प्रस्तावित विषय संवैधानिक अदालतको आवश्यकता छ, छैन भन्ने सम्बन्धमा विचार गरिनुपर्दछ भन्ने मैले ठानेको छु । हामीकहाँ संवैधानिक अदालत स्थापनाको आवश्यकताका सम्बन्धमा धारणा बनाउनु भन्दा अगाडि हामी कस्तो शासकीय स्वरुप अवलम्वन गर्छौं भन्ने कुरा निर्धारण गर्नु महत्वपूर्ण छ । मुलुक संघीयतामा प्रवेश गर्न लागेको आजको सन्दर्भमा न्यायिक संरचनाका सम्बन्धमा पनि हामीसँग थुप्रै विकल्पहरू विचारणीय हुन सक्दछन् । अमेरिकामा प्रचलित दोहोरो न्यायिक प्रणाली, भारतमा प्रचलित एकीकृत न्यायिक प्रणाली, दक्षिण अफ्रिकामा प्रचलित नियमित अदालत र संवैधानिक अदालतको छुट्टाछुट्टै संरचनागत प्रणाली तथा युरोपमा प्रचलित नियमित अदालत, प्रशासकीय अदालत र संवैधानिक अदालतको छुट्टाछुट्टै प्रणालीलाई केही प्रतिनिधि नमुनाको रुपमा लिन सकिन्छ । हाम्रो राष्ट्र

निर्माणको ऐतिहासिक पक्ष, आर्थिक क्षमता, न्यायिक परम्परा तथा अभ्यास समेतलाई आधार बनाउने हो भने अमेरिकी पद्धति शायद हाम्रो लागि धेरै बोझिलो बन्न सक्दछ र त्यहाँ संवैधानिक अदालतको छुट्टै व्यवस्था पनि छैन । युरोपियन मुलुकहरू छुट्टै सामाजिक, आर्थिक र ऐतिहासिक पृष्ठभूमिमा हुर्केका मुलुकहरू हुन् र तिनीहरूको कानून प्रणाली पनि बेग्लै छ । नयाँ उदीयमान प्रजातान्त्रिक मुलुकको रुपमा दक्षिण अफ्रिकी अनुभव हाम्रो लागि सान्दर्भिक हुन सक्ला, तर संवैधानिक अदालतसम्बन्धी त्यहाँको अनुभव पनि अध्ययनकै विषय छ । त्यहाँ हाल संविधानमा संशोधन गरेर समस्या समाधानका लागि सर्वोच्च अदालत र संवैधानिक अदालत दुबैको प्रमुखको रुपमा प्रधान न्यायाधीश एउटै हुने व्यवस्था गरिएबाट हामीकहाँ छुट्टै संवैधानिक अदालतको आवश्यकतामा जोड दिनुभन्दा अगाडि यो विषयमा एकपटक गंभीरतापूर्वक सोच्न आवश्यक छ भन्ने मलाई लाग्दछ ।

संविधान व्याख्याको कार्य र न्याय निरोपणको कार्य एउटै निकायबाट गरिने पद्दति रहेका भारत, अमेरिका, अष्ट्रेलिया र क्यानडा जस्ता मुलुकहरुमा सफलतापूर्वक काम भइरहेको उदाहरण हामीसँग छ । बरु संवैधानिक अदालतको छुट्टै संरचना खडा गरिएका राष्ट्रहरूमा अदालत-अदालत बीच अधिकारक्षेत्रात्मक द्वन्द्व बढेको, संवैधानिकताको प्रश्नमा संवैधानिक अदालतको निर्णय पर्खिनु परेको कारण न्याय निरोपणको कार्यमा थप विलम्व हुने गरेको, न्यायिक दृष्टिकोणहरु विभाजित हुने गरेको, न्यायिक नेतृत्वमा विवाद आउने गरेको, न्यायिक निकायहरु बीच समन्वयको अभाव रहने गरेको तथा नजिरहरुको पालनामा मातहत अदालतहरुमा द्विविधाको स्थिति सिर्जना हुने गरेको जस्ता समस्याहरु उत्पन्न हुने गरेको पाइएको छ । त्यसैले मेरो विनम्र अनुरोध के छ भने संसारमा खोज्दै जाने हो भने कुनै न कुनै विषयमा केही न केही नयाँ पद्दतिहरु भेटाउन सकिन्छ, तर सवै नयाँ पद्दतिहरु प्रयोगको थलो हामीले आफ्नो राष्ट्रलाई नबनाऔं । राम्रो भनिएको पद्दति अपनाइए पनि फरक परिवेशमा अपेक्षित परिणाम निकाल्न विफल हुने गरेको पाइन्छ । राम्रो पद्दति भएर मात्र हुँदैन, सुहाँउदो परिवेश पनि चाहिन्छ । पद्दति र परिवेशबीच संगतीको खोजी नै हाम्रो विषय हुनुपर्दछ भन्ने मलाई लाग्दछ ।

संवैधानिक अदालतको छुट्टै प्रयोग भएका मुलुकहरूको आफ्ना विशिष्ट आवश्यकताहरू होलान् । तर नेपालको सन्दर्भमा हाम्रो आफ्नो भौगोलिक सन्दर्भ, ऐतिहासिक अनुभव, पूर्वाधार विकास, स्रोत विनियोजन र समन्वयका विविध विषयहरुलाई समग्रमा हेर्नुपर्दछ । हरेक देशले आफ्नो सामाजिक सन्दर्भअनुरुपको न्याय प्रणाली अंगीकार गर्नुपर्ने हुन्छ । यसै कारणबाट दक्षिण एशियाका प्रायःजसो मुलुकहरुमा एकीकृत न्याय प्रणालीअन्तर्गत सर्वोच्च अदालतले नै न्यायिक पुनरावलोकनमार्फत् संवैधानिकताको परीक्षणको कार्य गरिआएको पाइन्छ । लगभग एउटै संस्कृति र उस्तै भूगोल भएका दक्षिण एशियाका मुलुकहरूले एक आपसको कानूनी अनुभव र प्रणालीहरूबाट परस्पर लाभ लिन सकिने परिप्रेक्ष्यमा नितान्त नौलो प्रयोगको चाहनालाई व्यवहारिकताको धरातलबाट हेरिनुपर्दछ भन्ने लाग्दछ । छुट्टै संवैधानिक अदालत गठन भएको मुलुकको सामाजिक सन्दर्भ र परिवेश नबुझीकन केवल पद्दतिको मात्रै प्रत्यारोपण गर्न खोज्यौं भने त्यो प्रत्युत्पादक पनि हुनसक्दछ । हाम्रो राष्ट्रिय आवश्यकता, अनुभव र क्षमतालाई ध्यानमा नराखी गरिने अनुकरण आकर्षक त हुनसक्ला, तर व्यवहारिक नहुन सक्दछ र त्यसले हामीले चाहेकोभन्दा विपरीत परिणाम निम्त्याउन पनि सक्तछ ।

यस प्रसंगमा म एक पटक संविधानसभाको निर्वाचन र संविधानसभा गठन भएपछि संविधान निर्माण गर्ने क्रममा भएका हालसम्मका प्रयासहरू तर्फ यहाँहरुको ध्यान आकर्षित गर्न चाहन्छु । संविधानसभाको निर्वाचन पूर्व विभिन्न राजनीतिक दलहरुले जनतासमक्ष पेश गरेको घोषणापत्रमा हाल भइरहेको सर्वोच्च अदालतको अधिकारक्षेत्र कटौति गरी संवैधानिक विवाद निरुपणको लागि छुट्टै संवैधानिक अदालतको आवश्यकता दर्शाएको पाइँदैन । त्यसैगरी संविधानसभा न्यायप्रणाली समितिद्वारा प्रस्तुत प्रतिवेदन समेतमा संवैधानिक अदालतको आवश्यकता महसूस गरिएको छैन । संविधान निर्माणको सिलसिलामा अहिलेसम्म २५ राजनीतिक दलहरू एवं संविधानसभा समेतले छुट्टै संवैधानिक अदालतको आवश्यकता महसूस नगरेको स्थितिमा संवैधानिक अदालतको सम्वन्धमा हामीले धेरै बहस गरिरहनु आवश्यक छ भन्ने मलाई लाग्दैन ।

अहिले न्यायपालिकाको विद्यमान संरचनाको विकल्पमा वहस चलाउँदा हाम्रो न्यायप्रणालीको विद्यमान समस्याहरूलाई आधार बनाउने गरिएको देखिन्छ । अवश्य नै हाम्रो न्यायपालिकाका केही समस्याहरू छन् । तत्काल टुङ्गो लाग्नुपर्ने संविधानसम्बन्धी प्रश्नहरू जति छिटो छरितो निराकरण हुनुपर्ने हो सो हुन नसकी रहेको कटुसत्य हो । तर त्यसमा हाम्रो ध्यान गएको छ । सर्वोच्च अदालतले आफ्नै सक्रियतामा गठन गरेको समितिले संवैधानिक इजलासको गठनका विषयमा अध्ययन गरी पेश गरेको प्रतिवेदन बिचाराधीन अवस्थामा छ । विद्यमान संरचना भित्रै हामीले देवानी, फौजदारी, वाणिज्य जस्ता क्षेत्रका खास-खास प्रकृतिका मुद्दाहरूको आवश्यकताअनुरूप न्यायाधीशहरूको छुट्टाछुट्टै प्यानल खडा गरी खास प्यानलबाट मुद्दाहरू हेर्ने प्रणाली विकास गरिसकेका छौं । त्यसबाट प्राप्त हालसम्मको अनुभव उत्साहबर्द्धक पाएका पनि छौं । हाल न्यायपालिकाभित्र विविध विधामा विशेषज्ञता हासिल गरेका न्यायिक जनशक्तिको पर्याप्त मात्रामा विकास भइरहेको छ । संवैधानिक विवादहरूका सन्दर्भमा पनि अझ बढी विशेषज्ञता सहित छिटोछरितो सम्बोधन गर्ने हिसावले सर्वोच्च अदालत भित्रै संवैधानिक इजलास गठन गर्नेतर्फ विशेष पहल समेत भइरहेको छ । भारतकै उदाहरण लिंदा पनि संवैधानिक विवादहरूमा त्यहाँ यस्तो प्रणाली विकसित गरिएको पाइन्छ । हामीकहाँ पनि यस्तो व्यवस्था कार्यान्वयनमा आएपछि संवैधानिक प्रश्न निहित विवादहरुमा विलम्व भएको गुनासो कम हुने अपेक्षा गर्न सकिन्छ । साथै मुलुक संघीयतामा गएपछि धेरै मुद्दाहरू प्रादेशिक न्यायालयबाटै अन्तिम हुने सन्दर्भमा सर्वोच्च अदालतको कार्यबोझ निकै कम हुने स्वतः स्पष्ट छ । यस पृष्ठभूमि समेतबाट सर्वोच्च अदालतमा आउने संवैधानिक प्रश्न निहित मुद्दाहरूले पर्याप्त समय पाउने कुरा निश्चित छ । यी सबै यथार्थताहरूलाई मनन गर्दा भावी संविधानमा छुट्टै संवैधानिक अदालतको औचित्य म देख्दिन । हाल भैरहेको सर्वोच्च अदालतको संरचनामा संवैधानिक इजलास खडा गरी संवैधानिक विवादहरू निरुपणको व्यवस्था गर्दा नै पर्याप्त हुने देख्दछु ।

अन्तमा, म के भन्न चाहन्छु भने अब बन्ने संविधान नेपाली प्रतिभा र परम्परा दुबैको पुञ्ज बन्न सकोस्, जसले नेपाली जनताको अग्रगामी आकांक्षालाई सम्बोधन गर्न सकोस् । हामी सबैलाई राम्रो संविधान लेख्ने रहर छ तर मेरो बिचारमा राम्रो संविधान त्यही हो जो व्यवहारमा बढी खरो उत्रन सक्दछ । मेरो एकमात्र भनाइ के हो भने अनुभवहीन कुराहरू अनुभवसिद्ध कुराहरू भन्दा बढी खतरनाक हुनसक्ने हुनाले अहिले मुलुकले संविधान निर्माण र शान्तिप्रक्रियाको दिशामा अझै अन्यौल र अनिश्चितताको वातावरणबाट गुज्रिरहनुपरेको अवस्थामा सर्वोच्च अदालतलाई प्राप्त अधिकारमा कटौती हुने गरी भावी संविधानमा संवैधानिक अदालतको गठनका पक्षमा हामीले धारणा बनाउनु श्रेयस्कर हुँदैन । यस्तो प्रयासले अन्ततः नवोदित गणतन्त्र, लोकतान्त्रिक पद्धति, विधिको शासन र मानवअधिकारमा समेत नकारात्मक असर पुग्न जाने निश्चित छ । त्यसैले यस्तो खतरा मोल्नेतर्फ नलागौं । यथाशक्य सरलीकृत र एकीकृत न्याय प्रणालीमार्फत् राष्ट्रलाई एकीकृत र सुदृढ पार्नु नै आजको प्रमुख आवश्यकता हो ।

"संवैधानिक अदालत वा वेञ्च" भन्ने विषयमा भएको आजको यस छलफल कार्यक्रमबाट हाम्रो समग्र न्यायपालिकाको सृदृढीकरण गर्न गहकिलो अवसर प्राप्त भएको मैले महसूस गरेको छु । बिचार विमर्शको यो सृङ्खलाले लाभदायक नतिजा निकाल्नेछ भन्ने आशा गरेको छु । यस्तो अवसरमा आफूलाई लागेको केही कुरा राख्ने मौका दिनु भएकोमा आयोजक संवैधानिक कानून व्यवसायी मञ्च परिवारप्रति धन्यवाद दिंदै विदा हुन चाहन्छु ।

धन्यवाद ।

**प्रकाशित मितिः** १ साउन २०६७